# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष २४, अङ्क १७ | २०७२, पुस १–१५ | पूर्णाङ्क ५६३



प्रकाशक

**सर्वोच्च अदालत**

**रामशाहपथ, काठमाडौं**

**फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)**

**फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८**

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

# प्रकाशन, सञ्चार तथा सम्पादन समिति


मानननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष
माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य
नायब महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य
अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य
वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य
सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत - सदस्य सचिव

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोद यादव
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री सुदर्शनप्रसाद आचार्य
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्द नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | ७ |
| विशेष इजलास | ४ |
| संयुक्त इजलास | १३ |
| इजलास नं. १ | ८ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | ४ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | १५ |
| इजलास नं. ७ | ३ |
| इजलास नं. ८ | २ |
| एकल इजलास | ५ |
| अन्तरिम आदेश | १ |
| जम्मा | ६८ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, पुस – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१-४** |
| १. | धर्म लोप | रेशमान तुलाधरसमेत वि. ज्ञानेन्द्ररत्न तुलाधर | |
| २. | उत्प्रेषण / परमादेश | त्रिलोचन संग्रौला वि. भूमिसुधार कार्यालय, झापा, चन्द्रगढीसमेत | |
| **विशेष इजलास** | | | **४-८** |
| ३. | उत्प्रेषण | खिमलाल भन्ने शंकर पौडेलसमेत वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४. | उत्प्रेषण / परमादेश | बद्रीकुमार खत्री वि. कारागार कार्यालयसमेत | |
| ५. | उत्प्रेषण / परमादेश | सन्तोष विश्वकर्मासमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **८-१६** |
| ६. | जबरजस्ती करणी | वीरेन्द्र अधिकारी वि. नेपाल सरकार | |
| ७. | निर्णय हक कायम | श्रीमान श्रेष्ठ वि. तारादेवी मानन्धर | |
| ८. | उत्प्रेषण / परमादेश | तीर्थप्रसाद न्यौपाने वि. राष्ट्रिय वाणिज्य बैङ्क केन्द्रीय कार्यालयसमेत | |
| ९. | उत्प्रेषण / परमादेश | दानालाल यादवसमेत वि. रामखिन मण्डल भन्ने रामकृष्ण मण्डल | |
| १०. | निषेधाज्ञा | निजाद्दिन हलवाई वि. रमजान हलवाईसमेत | |
| ११. | सवारी ज्यान | नेपाल सरकार वि. कुशल सिटौला | |
| १२. | निषेधाज्ञा / परमादेश | जीवनकुमारी श्रेष्ठ वि. श्री दङ्गा प्रहरी नियन्त्रण गणसमेत | |

| | | | |
|---|---|---|---|
| १३. | बकसपत्र लिखत बदर नामसारी | सुरसती पासी वि. शिवप्रसाद कोरीसमेत | |
| **इजलास नं. १** | | | **१६-२३** |
| १४. | कर्तव्य ज्यान | प्रकाशबहादुर खड्का वि. नेपाल सरकार | |
| १५. | डाँका | नेपाल सरकार वि. बाबु भन्ने सोमलाल ब्लोन | |
| १६. | खोटा चलन (नक्कली नोट) | नेपाल सरकार वि. नसिम अन्सारी | |
| १७. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. जोगेन्द्र भन्ने योगेन्द्र महतो | |
| १८. | निषेधाज्ञा | प्रद्युम्नप्रसाद मैनाली वि. रामप्रवेश प्रसाद कुर्मीसमेत | |
| १९. | लेनदेन | चन्दर साह गोढ वि. कैलासिया गोढीन | |
| २०. | जबरजस्ती करणी | खबहादुर वि. नेपाल सरकार | |
| **इजलास नं. २** | | | **२३-२४** |
| २१. | बन्दी प्रत्यक्षीकरण | मीनबहादुर दोङको हकमा रामकाजी दोङ वि. महानगरीय प्रहरी वृत्त बौद्ध, काठमाडौंसमेत | |
| २२. | उत्प्रेषण / परमादेश | जगदीशप्रसाद पाठकसमेत वि. नीतादेवी पाठकसमेत | |
| **इजलास नं. ३** | | | **२४-२६** |
| २३. | जिउ मास्ने बेच्ने | नेपाल सरकार वि. राजन दमाई भन्ने राजेन्द्र परियार | |
| २४. | परमादेश | प्रदीप क्षेत्रीसमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत | |
| २५. | नामसारी दर्ता | जागेश्वर राय यादव वि. विरखीदेवीसमेत | |
| २६. | किर्ते जालसाज | नसिवलाल यादवसमेत वि. विष्णुदेव यादव | |
| **इजलास नं. ४** | | | **२६-२९** |
| २७. | उत्प्रेषण | श्यामसुन्दर चौधरी वि. बैद्यनाथ ठाकुरसमेत | |

| | | |
|---|---|---|
| २८. | निषेधाज्ञा | रघुनन्दन प्रसाद साह वि. मो. इजराइल मियाँसमेत |
| २९. | निषेधाज्ञा / परमादेश | तरूदीन शेख वि. देवेन्द्रकुमार यादव |
| **इजलास नं. ५** | | **२९-३५** |
| ३०. | उत्प्रेषण | हजरा खातुन वि. मोहम्मद गनीसमेत |
| ३१. | कर्तव्य ज्यान | भरतलाल श्रेष्ठ वि. नेपाल सरकार |
| ३२. | निषेधाज्ञा / परमादेश | त्रिपुरारीप्रसाद साह वि. सरीताकुमारी सिंह |
| ३३. | कर्तव्य ज्यान | रामचन्द्र श्रेष्ठ वि. नेपाल सरकार |
| ३४. | नामसारी निर्णय बदर अपुताली हक कायम दर्ता | रेखा गिरी वि. इन्दिरा गिरी |
| ३५. | लिखत बदर दर्ता | चनरज्योति चौधरी वि. बासमती चौधरीसमेत |
| ३६. | उत्प्रेषण / परमादेश | डा. अजय गर्ग वि. रेवती चौधरी |
| ३७. | लिखत दर्ता बदर दर्ता कायम | दिलीप भगत वि. मनोज भगतसमेत |
| ३८. | जबरजस्ती करणी | नियाल सिंह भन्ने निहाल सिंह बुढाथोकी वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **३५-३८** |
| ३९. | अदालतको अपहेलना | आनन्दीलाल मुखिया वि. जिल्ला विकास समितिको कार्यालय, सप्तरी |
| ४०. | हातहतियार खरखजाना | नेपाल सरकार वि. गंगाराम यादव |
| ४१. | भ्रष्टाचार | धनन्जय खड्का वि. नेपाल सरकार |
| **इजलास नं.८** | | **३८-३९** |
| ४२. | हक कायम गरी जग्गा निखनाई पाउँ | कृष्णकुमार रिजाल वि. नगेन्द्रबहादुर कुँवर |

| | | |
|---|---|---|
| ४३. | जबरजस्ती करणी | तुफान राई वि. नेपाल सरकार |
| **एकल इजलास** | | **३९-४३** |
| ४४. | उत्प्रेषण / परमादेश | सुशील ठकुरी वि. त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगञ्ज, काठमाडौंसमेत |
| ४५. | उत्प्रेषण / परमादेश | विजेन्द्रलाल जोशी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत |
| ४६. | बन्दी प्रत्यक्षीकरण | कालुमायाँ तामाङ रिजाल वि. बिमला ज्ञवालीसमेत |
| ४७. | उत्प्रेषण | पुजारी अहिर यादव वि. मालपोत कार्यालय, रूपन्देही, भैरहवासमेत |
| **अन्तरिम आदेश** | | **४३** |
| ४८. | उत्प्रेषण | नेपाल सुपारी उत्पादन संघ, झापासमेत वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत |
| **अदालत गतिविधि** | | **४४** |

## पूर्ण इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०६९-NF-००१८, धर्म लोप, *रेशमान तुलाधरसमेत वि. ज्ञानेन्द्ररत्न तुलाधर*

गुठी संस्थान ऐन, २०३३ को दफा २(ग) मा गुठी भन्नाले " कुनै मठ वा कुनै देवी देवताको पर्वपूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी, पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, गौचरन, बाग बगैचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय, घर, इमारत वा संस्था बनाउन, चलाउन वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी राखेको गुठीसमेतलाई सम्झनु पर्दछ" भन्ने उल्लेख भएको छ। सो कानूनी व्यवस्थाको पठनबाट दाताले आफ्नो हक छाडी आयस्ता प्राप्त हुने चल वा अचल दुवै किसिमका सम्पत्ति वा रकम राखी गुठी स्थापना गर्न सकिने।

प्रतिवादीहरूले गुठीको उद्देश्यअनुरूप पुजा आजा नगरेको भन्ने दाबी रहेको छ तर प्रतिवादीहरूले कुन मितिदेखि सो गुठीको उद्देश्यअनुरूप पुजा आजा गर्नु पर्ने हो र कुन मितिदेखि पुजा आजा गर्न छोडेका हुन् भन्ने तथ्य वादीले फिरादमा उल्लेख गरेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २६ मा देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीमा रहने व्यवस्था रहेको हुँदा अदालतमा नालेस दिने पक्षले आफ्नो दाबीलाई पुष्टि र प्रमाणित गर्ने सबै तथ्य र प्रमाण स्पष्टसँग खुलाई देखाई नालेस गर्नु पर्ने हुन्छ। तर वादीले सो केही नखुलाई प्रतिवादीहरूले पुजा आजा नगरेको भनी अधुरो, अपुरो र हचुवा तवरले फिराद दिएको देखिँदा त्यस्तो अधुरो, अपुरो र हचुवा किसिमले दिएको फिरादका आधारमा मात्र प्रतिवादीहरूले गुठीको उद्देश्यबमोजिम पुजा आजा गरेनन् भन्न प्रमाण ऐन, २०३१ को दफा २६ बमोजिम मिल्ने नदेखिने।

प्रस्तुत मुद्दामा वादी प्रतिवादीबिच काठमाडौं जिल्ला अदालतमा भएको मिलापत्रबमोजिम प्रतिवादीहरूले आफ्नो हक हिस्सा जति जग्गामात्र रैकरमा परिणत गर्नका लागि मालपोत विभागबाट जारी जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ११०, १४१, १४२ समेतले तोकेबमोजिमको रकमको अक्षयकोष खडा गरी सो जग्गा बिक्री गरेको देखिन्छ भने वादीको हक हिस्सा जति जग्गा गुठीका नाममा यथावत् बाँकी नै रहेको देखिन्छ । सो तथ्यलाई वादीले अन्यथा भन्न सकेको नदेखिने।

गुठी ऐन, २०३३ को दफा २(ग) ले चल वा अचल सम्पत्तिका साथै रकमसमेतबाट पनि गुठी सञ्चालन र व्यवस्थापन गर्न सकिने व्यवस्था गरेको परिप्रेक्ष्यमा प्रतिवादीहरूले गुठीको जग्गा बिक्री गरी प्राप्त हुन आएको रकममध्ये कानूनले निर्दिष्ट गरेबमोजिमको रकमको अक्षयकोष खडा गरी सो अक्षयकोषको रकमबाट प्राप्त हुने ब्याजमात्र गुठीको उद्देश्यबमोजिमको पुजाआजालगायतका कार्यको प्रयोजनका लागि झिक्न पाउने व्यवस्था गरेको देखिन्छ। अक्षयकोषमा राखेको रकमको ब्याजमात्रबाट गुठीको उद्देश्यअनुरूप पुजाआजा गर्ने कार्य हुन नसक्ने भन्ने कुरा पुष्टि हुने वस्तुनिष्ठ र तथ्ययुक्त प्रमाण वादीले पेस गर्न सकेको पनि नदेखिने।

निजी गुठीको जग्गा रैकरमा परिणत गर्दा जग्गा

प्रशासन निर्देशिका, २०५८ को दफा ११०, १४१, १४२ समेतमा भएको व्यवस्थाबमोजिम सो जग्गाको न्यूनतम मूल्याङ्कनको रकमको मात्र अक्षयकोष खडा गर्नु पर्ने र सोको ब्याजमात्रको खर्चबाट गुठी सञ्चालन गर्ने गरी अक्षयकोषको रकम बैंकको मुद्दती खातामा जम्मा गर्नुपर्ने हुन्छ । वादीले सो निर्देशिकामा उल्लेख भएबमोजिम दाबीको जग्गा रैकरमा परिणत गर्नका लागि मालपोत कार्यालयमा निवेदन दिई नेपाल बैंक लिमिटेड भूगोलपार्क शाखामा मूलधन मासिन नपाउने गरी र ब्याजमात्र झिक्न पाउने गरी रू. ४०,७९,५००।- को अक्षयकोषबापत मुद्दती खाता खोलेको देखिन्छ । उक्त निर्देशिका कहीँ कतैबाट बदर भएको देखिएको छैन साथै जग्गाको न्यूनतम् मूल्याङ्कनभन्दा घटी रकमको अक्षयकोष खडा भएको भन्ने पनि वादीको कथन छैन । अक्षयकोषको ब्याज रकमबाट गुठीको सञ्चालन गर्दा गुठीको रीत, परम्परा, धर्म, संस्कृतिमा कुनै असर नपर्ने र गुठीको निरन्तरता यथावत् रहनेमा पनि विवाद छैन । यस्तो स्थितिमा नेपाल सरकारबाट जारी सो निर्देशिकाबमोजिम अक्षयकोष खडा गरी सोको ब्याजबाट गुठी सञ्चालन गर्न भएका काम कारवाहीलाई धर्मलोप गरे भन्न मिल्ने नदेखिने ।

प्रतिवादीहरूले "दँपा" गुठीको उद्देश्यबमोजिम प्रतिवादीहरूले कहिलेदेखि कहिलेसम्म पुजा आजा नगरेको हो भन्ने कुरा फिरादमा स्पष्टसँग नखुलाई सो जग्गा रैकरमा परिणत गरी सट्टापट्टाको रजिस्ट्रेसन हुनु अगावै अपरिपक्व अवस्थामा फिराद दिएको देखिएको, वादी प्रतिवादी दुवैले अधिग्रहणमा परेको जग्गाबापतको रकम बाँडी लिएको र मिति २०५४।१०।१५ को मिलापत्रमा उल्लेख भएबमोजिम गुठी जग्गा बिक्री गरी वादी स्वयम्ले पनि सोमध्येको रकम प्राप्त गरी लाभ लिएको देखिएको तथा भूमिसुधार तथा व्यवस्था विभागबाट जारी जग्गा प्रशासन निर्देशिका, २०५८ बमोजिमको प्रक्रिया पूरा गरी सो जग्गा रैकरमा परिणत गर्न सट्टापट्टा गर्नुअघि सो जग्गाको न्यूनतम् मूल्याङ्कन बराबरको रकम सो निर्देशिकाले निर्दिष्ट गरेबमोजिम अक्षयकोषमा राखी सो अक्षयकोषको रकमको ब्याजमात्रको रकमबाट गुठीको उद्देश्यअनुरूप "दँपा" गुठीको पुजा आजा गर्ने गरी गरिएका काम कारवाहीहरू मुलुकी ऐन, गुठीको महलको ३,४,६ नं. समेतको प्रतिकूल देखिन नआएकोसमेत अवस्थामा गुठीको पुजा आजा, धर्म, संस्कृति, रीत र परम्परामा खलल पुर्‍याएको भन्ने दाबी र सोलाई पुष्टि गर्ने कुनै निश्चयात्मक प्रमाण पनि वादीले दिन पेस गर्न नसकेकोसमेत अवस्थामा प्रतिवादीहरूले धर्मलोप गरेको ठहर्‍याएको यस अदालतको संयुक्त इजलासको मिति २०६६।१२।१० को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला सदर हुने ।

**मा.न्या.श्री गोविन्दकुमार उपाध्यायको राय**

अधिग्रहणमा परी प्राप्त हुन आएको रकम वादी प्रतिवादीहरू दुवैले घरसारमा बुझिसकेको तथ्य जालसाजी, निर्णय दर्ता बदर हक कायमसमेतका मुद्दाहरूमा मिति २०५४।१०।१५ को मिलापत्रमा उल्लेख भएबाट यसअघि नै गुठीको अचल सम्पत्ति क्षयीकरण भइसकेको र गुठीको सम्पत्ति क्षयीकरण गर्नमा वादी प्रतिवादी दुवै सहमत रहेको कुरा पुष्टि भएको भन्ने बहुमतको तर्कको हकमा यी वादी प्रतिवादीको सहमतिले गुठी नास्न मिल्ने होइन । कुनै कालखण्डमा गुठीको केही सम्पत्ति नास्ने मास्ने काम भएको कुराले बाँकी सम्पत्ति पनि नास्न मास्न मिल्ने भन्ने अर्थ गर्न मिल्दैन । कुनै व्यक्तिले कुनै व्यक्तिको एकपटक गरेको हत्यामा मुद्दा चलेन भनेर सो व्यक्तिले दोस्रो पटक गरेको अर्को व्यक्तिको हत्या क्षम्य हुन्छ भन्न नमिल्ने ।

कि.नं.७७ को बाँकी ०-२-३-० र कि.नं. १२०१ को बाँकी ०-१-०-० जग्गा यथावत् गुठीका नाममा रहेको मिलापत्रअनुकूल नै भएको भन्ने हकमा गुठियारहरूको गुठी भागसम्म छुट्टिने गरी उक्त मिलापत्र भएको देखिन्छ। गुठीको पूजाआजा चलाई बाँकी शेष कसर खानलाई यसरी भाग छुट्याउनु स्वाभाविक नै हुन्छ। तर त्यसरी भाग छुट्याएको कुराबाट आआफ्नो भागको जग्गा बिक्री आदि गरी गुठी लोप गर्न मिल्छ भन्न नमिल्ने।

निजी गुठीको सञ्चालन र बन्दोबस्त गर्ने सम्बन्धमा मुलुकी ऐन, गुठीको महल आकर्षित हुने देखिन्छ भन्ने कुरालाई बहुमतले पनि मानेकै छ। यस अवस्थामा जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ११०, १४१ र १४२ समेतमा भएको व्यवस्थालाई अँगाल्न मिल्दैन। ऐनमा निर्देशिका जारी गर्न पाउने भनी व्यवस्था भएमा सोबमोजिम जारी भएको निर्देशिका वैध हुने र अरू निर्देशिकाको हकमा कानूनअनुकूल भएसम्म मान्य हुने र कानूनप्रतिकूल भएमा स्वतः शून्य र अमान्य हुने कुरा कानून व्याख्याको मान्य सिद्धान्त हो। यी वादीले मूलतः मुलुकी ऐन, गुठीको महलको २, ३, ४, ६ र १६ नं. को आधार लिई दाबी गरेको देखिन्छ। मुलुकी ऐन, गुठीको महलबमोजिमको दाबीमा उक्त निर्देशिका र गुठी संस्थान ऐन, २०३३ आकर्षित गर्न मिल्ने नदेखिने।

यी वादी दपाँ गुठीका गुठियार भएका, उल्लिखित जग्गा वादी प्रतिवादीको संयुक्त हक पुग्ने देखिएको र सो जग्गा दपाँ गुठीको भएको अवस्थामा कित्ताकाट गर्दा वादीको स्वीकृतिसमेत नलिई आफूखुशी वादीको भाग छुट्याई गुठी जग्गाको अस्तित्व समाप्त पारेकामा यी गुठियार वादीलाई नालेस गर्ने हकदैया रहेकै देखिन्छ। गुठी जग्गाको हक छाडी लिने दिने गर्ने प्रतिवादीहरूको कार्य स्पष्टतः धर्मलोपको परिभाषाभित्र पर्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल वैशाख १० गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-NF-००१४, लिखत बदर, *रेशमान तुलाधरसमेत वि. ज्ञानेन्द्ररत्न तुलाधरसमेत*
- ०६९-NF-००१५, दर्ताफारी, *मैखु गुरूङसमेत वि. ज्ञानेन्द्ररत्न तुलाधरसमेत*
- ०६९-NF-००१६, दर्ताफारी, *पूर्णलाल श्रेष्ठसमेत वि. ज्ञानेन्द्ररत्न तुलाधरसमेत*
- ०६९-NF-००१७, लिखत बदर, *रेशमान तुलाधरसमेत वि. ज्ञानेन्द्ररत्न तुलाधरसमेत*
- ०६९-NF-००१९, लिखत बदर, *रेशमान तुलाधरसमेत वि. ज्ञानेन्द्ररत्न तुलाधर*

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी**, ०७०-NF-००२२, उत्प्रेषण / परमादेश, *झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं.५ स्थित श्रीकृष्ण प्रणामी मन्दिर चारपानेका तर्फबाट अख्तियारप्राप्त ऐ.का सचिव त्रिलोचन संग्रौला वि. भूमिसुधार कार्यालय, झापा, चन्द्रगढीसमेत*

जग्गा बाँडफाँडको लागि भूमिसुधार कार्यालयमा मोहीको निवेदन परिसकेपछि जग्गाधनी श्रीकृष्ण प्रणामी मन्दिरलाई झिकाई आवश्यक प्रक्रियाहरू पूरा गरेकामा कुनै विवाद देखिँदैन। तर जग्गा बाँडफाँड गर्दा नरम करम भएको छैन भनी जग्गाधनी अदालतमा आइसकेपछि तत्सम्बन्धमा अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गर्नै पर्ने हुन्छ। निवेदक र विपक्षीबिच जग्गा नरम करम हुने गरी बन्डा

भएको छ छैन भन्ने सम्बन्धमा हेर्न जग्गाको क्षेत्रफल आधा आधा हुनु र दुवैलाई बाटो निकास हुने गरी भएको बन्डा पर्याप्त हुन सक्ने हो होइन भन्ने सम्बन्धमा पनि विचार गर्नु पर्ने हुन्छ । जग्गाको पश्चिमतर्फ मूल सडक रहेको भनी भूमिसुधार कार्यालय, झापाले गरेको सर्जमीन तथा स्थलगत प्रतिवेदन र मिसिल संलग्न नक्सा मुचुल्काबाट देखिइरहेको अवस्था छ । सार्वजनिक मुल सडकले छोएको जग्गामा दुवै जनालाई सार्वजनिक सडकतर्फ पर्ने गरी बन्डा नगरी सो जग्गाको उत्तरतर्फ १० फिटे बाटो कायम गरी बन्डा गर्नु पर्ने अवस्था के कसरी रहन गयो भन्नेसम्मको आधार र कारण भूमिसुधार कार्यालयको निर्णयमा उलेल्ख नै गरेको पाइँदैन । यस्तो अवस्थामा एकजनालाई पुरै मूल सडकतर्फ र अर्कोलाई भित्री बाटोमा पर्ने गरी गरिएको बन्डा जग्गाको क्षेत्रफल बराबर हुँदैमा नरम करम गरिएको मान्न मिल्ने नहुने ।

मूल सडक र भित्र जग्गामासम्म जान खोलिएको निजी बाटोले छोएको जग्गाको समग्र मूल्याङ्कनमा पार्ने प्रभावसमेतको विश्लेषण गरी जग्गाको मूल्याङ्कनसमेत गरी नरम करम गर्नुपर्ने हुन्छ । तर उक्त जग्गा मोही र जग्गाधनीबिच बाँडफाँड हुँदा बाटो निकास र जग्गा आधाआधा भएकै आधारमा वास्तविकरूपमा नरम करम हुने गरी बन्डा भएको रहेछ भनी मान्न नमिल्ने ।

रिट खारेज गर्ने गरेको यस अदालतको संयुक्त इजलासको मिति २०६५।१।६ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रस्तुत मुद्दामा झापा जिल्ला, चारपाने गा.वि.स.वडा नं.५ कि.नं.०८८ को क्षेत्रफल ०-९-० जग्गा यी जग्गाधनी निवेदकलाई मर्का पर्ने गरी भित्री १० फिटे बाटोतर्फ पर्ने गरी र मूल सडकतर्फ पुरै मोहीको भाग पर्ने गरी गरिएको भूमिसुधार कार्यालय, झापाको मिति २०६३।८।४ को जग्गा बाँडफाँडको निर्णय र सो निर्णयको आधारमा मालपोत कार्यालय, झापाले गरेको सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ मा उल्लिखित कानूनी व्यवस्थाको आधारमा दुवै पक्षलाई राखी वास्तविकरूपमा नरम करम हुने गरी जग्गा बाँडफाँडतर्फ पुनः निर्णय गर्नु गराउनु भनी विपक्षी भूमिसुधार कार्यालय, झापाको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७२ साल वैशाख ३ गते रोज ५ शुभम् ।

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०७०-WS-०००२, उत्प्रेषण, *खिमलाल भन्ने शंकर पौडेलसमेत वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कारागार व्यवस्थापनका सम्बन्धमा कारागारभित्र उचित सुव्यवस्था कायम गर्न चौकिदार वा नाइके वा सहनाइके पदमा नियुक्ति गर्ने प्रयोजनका लागि कैदीको योग्यता तोक्ने कार्य अनुचित वा कानूनप्रतिकूल मान्न नमिल्ने ।

कारागार नियमावली, २०२० को नियम २९(२) मा ***कारागारभित्र बफादारीसाथ काम गर्ने चौकिदार, नाइके, सहनाइके, शिक्षक तथा कामदारलाई साल सालै काम गरेकामा क्रमशः***

***चौकिदारलाई १ वर्षको २ महिना, नाइकेलाई १ वर्षको १ महिना १५ दिन, सहनाइकेलाई १ वर्षको १ महिनाको दरले कैद कट्टी सुविधा दिन सकिनेछ*** भन्ने व्यवस्था गरेको छ तापनि नियम २९(१क) ले गम्भीर र संगठित प्रकृतिका नौ वटा मुद्दामा सजाय पाएका कैदी बन्दीको कैद छुट नहुने व्यवस्था गरेको हुँदा नियम २९(२) को व्यवस्था नियम २९(१क) मा उल्लिखित मुद्दाका कैदीका हकमा आकर्षित नहुने स्पष्ट छ । कारागार नियमावली, २०२० को नियम २९(१क) मा भएको उल्लिखित प्रावधानअनुरूप गम्भीर प्रकृतिका अपराधमा कसुरदार ठहर भई सजाय पाएका कैदीलाई चौकिदार वा नाइके वा सहनाइके पदमा नियुक्तिको लागि कारागार व्यवस्थापन कार्यविधि निर्देशिका, २०६१ मा अयोग्य मानिनु कारागार ऐन, तथा नियमावलीको प्रतिकूल मान्न नमिल्ने ।

चौकिदार वा नाइके वा सहनाइके पदमा नियुक्तको लागि योग्यता तोक्दा कुनै मुद्दामा सजाय पाएका व्यक्तिलाई अयोग्य मानिनु आफैँमा भेदभाव वा असमान मान्न मिल्दैन । यसरी कारागारभित्रको आन्तरिक सुव्यवस्थाको लागि खास खास मुद्दामा सजाय पाएका व्यक्तिलाई चौकिदार वा नाइके तथा सहनाइके पदमा काममा नलगाउने गरी निर्देशिकामा संशोधन गरी भएको नीतिगत निर्णयमा यस अदालतबाट हस्तक्षेप गरी निर्देशिका बदर गर्नु कानूनसम्मत हुने देखिन नआउने ।

निवेदकहरूले कारागार व्यवस्थापन कार्यविधि निर्देशिकामा मिति २०६९।१०।५ मा गरेको संशोधित थप व्यवस्थाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ स्वतन्त्रताको हक, धारा १३ समानताको हक, धारा १९ सम्पत्तिको हक, धारा २१ सामाजिक न्यायको हक, धारा २९ शोषण विरूद्धको हक र धारा ३० द्वारा प्रदत्त श्रमसम्बन्धी हकमा आघात भई संविधानसँग बाझिएको भने तापनि संविधान प्रदत्त उल्लिखित हकको प्रचलनमा कसरी आघात भएको छ वा संविधानसँग के कसरी बाझिएको हो निवेदनमा स्पष्ट दाबी लिन सकेको देखिन्न । कारागारभित्र आन्तरिक प्रशासनको लागि कैदीहरूमध्येबाट नियुक्ति गरिने कुनै खास पदमा नियुक्त हुन कैदीहरूको खास योग्यता तोक्नु आफैँमा गैरकानूनी मान्न नमिल्ने ।

कारागारभित्र चौकिदार वा नाइके तथा सहनाइकेको जस्ता कार्य गर्न जुनसुकै मुद्दामा सजाय पाई कैदमा रहेका कैदी समानरूपमा नियुक्ति हुन पाउने निरपेक्ष हक हुन सक्दैन । समानताको हक समानहरूको बिचमा हुने हो असमानहरूको बिचमा हुने होइन । गम्भीर प्रकृतिका मुद्दामा कैद अवधिसमेत छुट हुन नसक्ने गरी कानूनले नै किटान गरी तोकेका मुद्दाका कैदी बन्दीलाई चौकिदार वा नाइके तथा सहनाइके पदमा अयोग्य मानिनु समानताको हकप्रतिकूल मान्न मिल्दैन । यसरी संविधान तथा कानूनले स्पष्टरूपमा चौकिदार वा नाइके वा सहनाइके हुन पाउने हक तथा अधिकार प्रदान नगरेको विषयमा कारागारको आवश्यक व्यवस्थापनको लागि त्यस्ता पदमा नियुक्ति हुन योग्यता तथा सर्त तोकी निर्देशिका जारी गर्न बाधा पर्ने देखिन्न । चौकिदार, नाइके तथा सहनाइके पदमा नियुक्ति गरिने कुरा कारागार प्रशासनको व्यवस्थापन, कारागारभित्रको सुरक्षा र आम कैदीहरूको न्यायको अनुभुति एवम् हित आदिले विचार गरिने विषय हुन जाने ।

कारागार नियमावली, २०२० को नियम २९(१क) मा सूचिकृत मुद्दामा सजाय पाएको कैदीको कैद अवधि नछोट्टिने व्यवस्था प्रष्ट छ । त्यस्तै नियम २९(२) मा भएको चौकिदार, नाइके तथा सह

नाइके भइ काम गर्ने कैदीको कैद अवधिमा कैद कट्टि सुविधा दिन सकिनेछ भनी भएको व्यवस्था हक तथा अधिकारको विषय नभई केबल सुविधासम्म हो। यस्तो सुविधाको व्यवस्था अनिवार्य नहुने हुँदा अधिकारको रूपमा दाबी गर्न मिल्दैन। तसर्थ निवेदकहरूको उक्त दाबी पनि कानूनसम्मत मान्न नमिल्ने।

कारागारभित्र आन्तरिक प्रशासनको सन्दर्भमा नियुक्ति हुने चौकिदार वा नाइके वा सहनाइकेको पदमा नियुक्तिसम्बन्धी विषय संविधान प्रदत्त हकको विषय नभएको, त्यस्तो पदमा नियुक्ति हुन यी निवेदकहरूलाई कारागार ऐन तथा कारागार नियमावलीले स्पष्टरूपमा अधिकार प्रदान नगरेको, कारागार नियमावली, २०२० को नियम २९(१क) मा किटान गरिएका मुद्दामा कैद अवधि छुट नहुने स्पष्ट व्यवस्था भइरहेको अवस्थामा उक्त नियम २९(१क) लाई चुनौती नगरी निर्देशिकामा रहेको चौकिदार वा नाइके वा सहनाइकेको पदमा नियुक्तिका योग्यतासम्बन्धी व्यवस्था चुनौती गर्नसमेत नमिल्ने हुँदा निवेदन दाबी औचित्यपूर्ण नदेखिँदा कारागार व्यवस्थापन कार्यविधि निर्देशिका, २०६१ मा नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०६९।१०।५ को निर्णयबाट गरिएको शंसोधित व्यवस्थाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, २९ र ३० द्वारा प्रदत्त निवेदकहरूको मौलिक हकमा अनुचित बन्देज नलगाएको एवम् उक्त व्यवस्था संविधान, कारागार ऐन, २०१९ एवम् कारागार नियमावली, २०२० सँग बाझिएको अवस्थासमेत नहुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल फागुन २८ गते रोज ५ शुभम्।

- यसै प्रकृतिको ०७०-WS-०००३, उत्प्रेषण/परमादेश, *मनोज शर्मा वि गृह मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७०-WS-०००७**, उत्प्रेषण / परमादेश, *बद्रीकुमार खत्री वि. कारागार कार्यालयसमेत*

मुलुकी ऐन, अ.बं.२०८ नं. मा रहेको उक्त वाक्यांश देवानी र फौजदारी दुवै प्रकृतिका मुद्दामा आकर्षित हुने व्यवस्था हो। मुलुकी ऐन, अ. बं. २०८ नं. को कानूनी व्यवस्थाले कुनै कसुरका सम्बन्धमा आरोपित व्यक्तिलाई निजउपर लागेको आरोपका सम्बन्धमा प्रतिवादलगायतका स्वच्छ सुनुवाइको हकबाट वञ्चित गरिएको अवस्थासमेत छैन। प्रस्तुत विवादमा निवेदकलाई निजउपर लागेको अभियोगका सम्बन्धमा प्रतिवाद गर्ने मौका प्रदान गरी निजको नाममा जारी भएको म्याद रितपूर्वक तामेल भएकामा निज अदालतमा उपस्थित नभई म्याद गुजारी बसेकाले कानूनबमोजिम फैसला भएको अवस्था हुँदा स्वच्छ सुनुवाइ नभएको मान्न मिल्दैन। अड्डाबाट जारी भएको म्यादमा हाजिर नभई प्रतिवाद नगरी म्याद गुजारेका पक्षका हकमा कानूनबमोजिम प्रमाण बुझी फैसला गर्न सकिने व्यवस्थालाई नेपालको अन्तरिम संविधान, २०६३ ले बन्देज गरेको पनि नदेखिने।

कानूनमा गरिएको हदम्यादसम्बन्धी व्यवस्था सार्वजनिक हित र न्यायमा आधारित रहेको हुन्छ। जसले विवादको विषयलाई अनन्तकालसम्म कायम नराखी निश्चित समयमा अन्तिम विन्दुमा पुर्‍याउने गर्दछ। कुनै विवादित विषयमा अदालतबाट कानूनको

उचित प्रक्रिया अवलम्बन गरी भएको फैसलाउपर चुनौती गर्न कानूनमा नै निश्चित अवधिको समय सीमासहितको म्यादको व्यवस्था गर्नु न्यायको सर्वमान्य सिद्धान्त हो। निवेदकको मागअनुसार मुलुकी ऐन, अ.बं. २०८ मा रहेको "**६ *महिनाभित्रमा***" भन्ने वाक्यांशलाई बदर घोषित गर्ने हो भने अदालतबाट भएको फैसलाले कहिल्यै अन्तिमता प्राप्त नगर्नुका साथै न्यायिक अन्यौलता र अस्पष्टता भई न्याय दुरूह र अप्रभावकारी हुन जाने।

मुलुकी ऐन, अ.बं. २०८ नं. मा रहेको कानूनी व्यवस्थामध्ये "**६ *महिनाभित्रमा*"** भन्ने वाक्यांशले संविधान प्रदत्त न्यायसम्बन्धी हकको प्रचलनमा कुनै अनुचित बन्देज लगाएको अवस्था नहुनुका साथै उक्त वाक्यांश नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ सँग बाझिएको अवस्था नहुँदा निवेदन मागबमोजिम मुलुकी ऐन, अ.बं. २०८ नं. मा रहेको कानूनी व्यवस्थामध्ये "**६ *महिनाभित्रमा*"** भन्ने वाक्यांश बदर घोषित गरिरहनु परेन। रिट निवेदक बद्रीकुमार खत्रीले काठमाडौं जिल्ला अदालतमा अ.बं. २०८ नं. बमोजिम प्रतिवाद गर्न पाउँ भनी दिएको निवेदन फैसला भएको मितिले ६ महिना नघाई दर्ता हुन आएकाले प्रतिवाद दर्ता गर्नु परेन भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।११।२ मा भएको आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१।२७ को आदेशमा कुनै त्रुटि नदेखिँदा निवेदन मागबमोजिम उक्त आदेशहरूसमेत बदर गरिरहनु परेन । साथै निवेदन मागबमोजिम परमादेशसमेत जारी हुने अवस्था नहुने हुँदा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शिवप्रसाद खनाल

इति संवत् २०७१ साल फागुन २८ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ**, **मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र**, **०६९-**WS**-००७१**, उत्प्रेषण / परमादेश, *सन्तोष विश्वकर्मासमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत*

कुनै पदमा बढुवा प्रयोजनका लागि आवश्यक योग्यता कानूनमा निर्धारण हुने हुँदा बढुवाको लागि उम्मेदवार बन्न इच्छुक कर्मचारीले सम्बन्धित पदको लागि कानूनमा तोकिएको योग्यता हाँसिल गरेको हुनु आवश्यक हुन्छ। त्यसरी तोकिएको योग्यता कुनै खास कर्मचारीको लागिमात्र नभई समान पदमा कार्यरत् सबै कर्मचारीहरूका लागि समानरूपमा आकर्षित हुने हो । कुनै पदमा नियुक्ति वा बढुवा हुन खास योग्यता, अनुभव वा विशेष तालिम हाँसिल गर्नुपर्ने गरी कानूनमा निर्धारण गरिएकामा त्यस्तो योग्यता, अनुभव वा तालिम हासिल नभएको कर्मचारीहरूको दरखास्त स्वीकृत नभएको कारणबाट संविधान प्रदत्त मौलिक हक हनन् भएको मान्न नमिल्ने हुन्छ। निवेदकहरूले सि.अ.हे.व. पदमा बढुवाको लागि नियमावलीमा तोकिएको योग्यतासम्बन्धी प्रावधानले संविधान प्रदत्त निवेदकहरूको समानताको हक हनन् भएको भनी दाबी गरे पनि संविधानप्रदत्त समानताको हक हनन् हुने गरी निवेदकहरूलाई कसरी असमान व्यवहार भएको हो भन्ने सम्बन्धमा निवेदनमा स्पष्ट उल्लेख गर्न सकेको देखिन्न। निवेदकहरूले सि.अ.हे.व. पदमा बढुवाको लागि आवश्यक पर्ने तोकिएको शैक्षिक योग्यता नै पेस गर्न नसकेको अवस्थामा विज्ञापित पदमा सहभागी हुन नपाएको मात्र कारणले रोजगारीको हक हनन् भयो भन्ने निवेदन दाबी पनि कानूनसम्मत मान्न नमिल्ने।

सहायक चौथो पदबाट पाँचौ तहमा बढुवा

हुन कुनै योग्यता वा तालिम हाँसिल गर्नु नपर्ने भनी संविधान वा स्वास्थ्य सेवा ऐनले निवेदकहरूलाई सुविधा प्रदान गरेको अवस्था पनि छैन। स्वास्थ्य सेवा नियमावली, २०५५ मा तह पाँच सि.अ.हे.व. पदमा तह चार अ.हे.व. पदबाट बढुवा हुनको लागि अनुसूची ७ को सि.नं. २१ मा अन्य योग्यताका अतिरिक्त ***सि.अ.हे.व. तालिमप्राप्त*** भनी निर्धारण गरिएको योग्यताका कारण निवेदकहरूको संविधान प्रदत्त मौलिक हकमा आघात भएको वा अनुचित बन्देज लगाएको मान्न मिलेन। यसबाट स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५(१) अनुसूची ७ मा नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समुह, तह पाँच, सि.अ.हे.व. पदमा कार्यक्षमता र आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट बढुवा हुने प्रयोजनका लागि ***सि.अ.हे.व. तालिमप्राप्त*** हुनुपर्ने गरी तोकिएको योग्यता संविधान एवम् कानूनविपरीत भन्न नमिल्ने हुँदा नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समुह, तह पाँच, सि.अ.हे.व. पदमा बढुवाको लागि स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ को उपनियम (१) सँग सम्बन्धित अनुसूची ७ सि.नं. २१ मा **"..*सि.अ.हे.व. तालिम प्राप्त*"** भनी तोकिएको योग्यतासम्बन्धी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(१) को प्रतिकूल नहुनुको साथै निवेदकहरू स्वास्थ्य सेवाको चौथो तहबाट बढुवाको लागि उम्मेदवार हुन माग गरेको पाँचौं तह पार गरी छैठौं तहमा पदस्थापन भइसकेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन २८ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-०१२६, जबरजस्ती करणी, *वीरेन्द्र अधिकारी वि. नेपाल सरकार*

आरोपित कसुरमा साबित भई अनुसन्धान अधिकारीसमक्ष प्रतिवादीले गरेको बयान, पीडितको मौकाको कागज र अदालतमा भएको बकपत्र, जाहेरवालाले गरेको मौकाको कागज र अदालतमा गरेको बकपत्र तथा बच्चीलाई प्रतिवादीले करणी गरेको विषयमा बच्चीलाई सोद्धा करणी गरेको हो भनी बताएकी हुँदा बच्चीको सू गर्ने ठाउँमा हेर्दा रातो भएको र सुनिएको देखेको हुँ भनी वस्तुस्थिति मुचुल्काका मानिस अनुपमा राई, चिन्ता दुलाल र मन्जु सुन्दासले कागज गरी अदालतमा गरेको बकपत्रसमेतबाट जबरजस्ती करणीको वारदात नै भएको होइन भनी निष्कर्षमा पुग्नु न्यायोचित हुँदैन। त्यसकारण प्रतिवादीको अदालतको इन्कारी बयानको विरूद्धका प्रमाण यथेष्ट मौजूद रहेको अवस्थामा अदालतको इन्कारी बयान निर्दोषिता साबित हुने एकमात्र आधार हुन सक्दैन। त्यसकारण प्रतिवादीको अदालतको इन्कारी बयान विश्वासलायक मान्न नसकिने।

विद्यार्थीको स्वहस्ताबाट हाजिरी नजनिएको केवल विद्यालयको तर्फबाट सम्बन्धित पीडितको नामको हाजिरी महलमा हाजिर भनी जनाई विद्यालयबाट प्रेषित गरिएको पत्रलाई प्रतिवादी निर्दोष रहेको भन्ने एकमात्र अकाट्य प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिन नआउने।

प्रतिवादीले पीडितलाई जबरजस्ती करणी

गरेको भनी पीडित पक्ष यस कार्यालयमा उपस्थित भएको भनी इलाका प्रहरी कार्यालय, दमकको च.नं.५२० मिति २०६६।१।३० को पत्रमा उल्लेख भएको र उक्त मितिमा अपराधको सूचना प्राप्त भएपछि अधिकारक्षेत्र भएको सम्बन्धित प्रहरी कार्यालयले सोही दिन घटनास्थल मुचुल्का गर्न र पीडितको शारीरिक परीक्षणको लागि पीडितलाई अस्पतालमा पठाउन नसक्ने भन्ने हुँदैन । अपराधको लिखित सूचना प्राप्त गर्नुभन्दा पूर्व नै मौखिक सूचना प्रहरीले प्राप्त गरेकामा प्रमाण लोप हुन नदिन र अपराधी भाग्न नपाउने गरी कानूनले अख्तियारी प्रदान गरेबमोजिम प्रहरी कार्यालयले सम्पादन गरेको कार्यलाई अन्यथा लिन नमिल्ने ।

प्रतिवादीको अदालतको बयानबाहेक निज प्रतिवादीले कसुर नगरेको भन्ने अन्य शङ्कारहित स्वतन्त्र सबुद प्रमाण प्रतिवादी पक्षबाट दाखिल हुन नसकेको त्यस्तो अवस्थामा वादीले जिकिर लिएबमोजिम वारदातस्थलमा प्रतिवादी मौजूद रहेको र निजको उपस्थितिमा वारदात घटेको रहेछ भन्ने कुरामा विवाद गर्ने ठाउँ रहँदैन । कम उमेरकी बालिकालाई पैसाको प्रलोभनमा पारी पीडितका बाबु आमा घरमा नभएको मौकाको फाइदा उठाई वारदात घटाएको भन्ने तथ्य प्रस्तुत वारदातको घटनाक्रमबाट देखिन आएको छ। त्यस्तो अवस्थामा पीडितको शरीर वा यौन अङ्गमा संघर्षका चिन्ह देखिनु वा नदेखिनु त्योमात्र महत्त्वूर्ण होइन । प्रतिवादीले वारदातको समयमा आफू अन्यत्र रहेको भन्ने कुराको जिकिर लिएको भए तापनि पीडित बालिकाले मौकामा गरेको कागज तथा अदालतमा गरेको बकपत्रबाट प्रतिवादीको उक्त जिकिर खण्डन हुन आएकाले प्रतिवादीले लिएको जिकिरको विश्वनियता पत्यारलायक देखिन नआएको हुँदा अभियोग दाबीबाट सफाइ पाउनु पर्ने भनी प्रतिवादीले यस अदालतमा गरेको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

प्रतिवादी वीरेन्द्र अधिकारीले पीडित ग–१ लाई जबरजस्ती करणी गरेको भन्ने तथ्य किटानी जाहेरी, अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको साबिती बयान, पीडितको कागज र सो कागजलाई समर्थन हुने गरी अदालतमा गरेको बकपत्र, पीडितकी आमा र बाबुले मौकामा गरेको कागज, पीडितका बाबुले अदालतमा गरेको बकपत्र तथा वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले गरेको कागज र अदालतमा गरेको बकपत्रसमेतका आधार प्रमाणबाट प्रतिवादीले आरोपित कसुर गरेको शङ्कारहित तवरले पुष्टि हुन आएको हुँदा प्रतिवादी वीरेन्द्र अधिकारीलाई जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको दफा ३(१) बमोजिम १० वर्ष कैद सजाय हुने र सोही महलको दफा १० बमोजिम रू.२५०००।- प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराई दिने ठहर गरेको झापा जिल्ला अदालतको मिति २०६६।१०।२० को फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६७।९।२७को फैसला मिलेको हुँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७१ साल मङ्सिर २९ गते रोज २ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-CI-०१८९, निर्णय हक कायम, *श्रीमान श्रेष्ठ वि. तारादेवी मानन्धर*

वादीले आफ्नी पत्नीको नामको कि.नं.३६ मा नापी गराएको भन्ने कुरा अदालतबाट भई आएको नक्साबाट देखिएको र उक्त नक्सालाई वादीले अन्यथा भन्न सकेकोसमेत छैन । वादीले न.नं.५ को

जग्गा आफ्नो भनी दाबी लिए पनि हाल र साबिकको नापीको नक्सा तथा अदालतबाट भई आएको नक्साबाट विवादको न.नं.५ को जग्गा प्रतिवादीको साबिक कि.नं.३४४ हाल कायम कि.नं.३८ को देखिन्छ। साबिकको नापीको नक्साको जग्गाको आकृति प्रकृतिबाट न.नं.६ र ७ को जग्गा नै कि.नं.३५३ को भएको हुँदा साबिकको भन्दा कम क्षेत्रफल नापी भएको तथा प्रतिवादीले कि.नं.३८ मा घुसाई नापी गराएको भन्न नमिल्ने।

प्रतिवादीले आफ्नो जग्गाको सीमानामा पर्खाल लगाई भोग गरेको देखिएको, कि.नं.३७ को जग्गा २०५९।८।११ मा वादीको नाममा निजकै श्रीमतीबाटै आएको बखत कि.नं.३७ र ३८ समेतको सीमानाको रूपमा रहेको पर्खाल भत्काउने दाबी लिन नसकेको, न.नं. ३, ६ र ७ को जग्गा साबिक कि.नं. ३५३ भएकामा न.नं.३ को जग्गा बाटो कायम भएको र न.नं.७ को जग्गा निज वादीकी पत्नीको नामको कि.नं. ३६ मा नापी भएको भन्ने कुरा साबिक र हालको नापीको नक्सा र अदालतबाट भई आएको नक्साबाट समेत समर्थित हुँदा प्रतिवादीले आफ्नो कि.नं. ३८ मा दाबीको कि.नं. ३७ को जग्गा घुसाई नापी गराएको भन्ने देखिन नआएबाट नापी गोश्वाराको मिति २०६०।१०।१२ को निर्णय बदर गरी हक कायम गरी पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६३।३।१८ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।११।२६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल पुस २७ गते रोज ५ शुभम्।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-WO-११८६, उत्प्रेषण/परमादेश, *तीर्थप्रसाद न्यौपाने वि. राष्ट्रिय वाणिज्य बैङ्क केन्द्रीय कार्यालयसमेत*

निवेदकबाट विपक्षी रोजगारदाता राष्ट्रिय बाणिज्य बैंकले लाग्नेभन्दा बढी कर कट्टा गरी ठूला करदाता कार्यालयमा दाखिल भएको भए निवेदकले आयकर ऐन, २०५८ को दफा ११३ को उल्लिखित प्रावधानबमोजिम आन्तरिक राजश्व विभागसमक्ष बढी कर रकम फिर्ता सम्बन्धमा निवेदन गर्नसक्ने वैकल्पिक र प्रभावकारी उपचारको उपाय विद्यमान रहेको देखिन्छ । वैकल्पिक र प्रभावकारी उपचारको उपाय उपलब्ध नरहेको अवस्थामा मात्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम अदालतले निवेदन मागका विषयमा विचार गरी उपचार दिन मिल्ने हुन्छ । निवेदकले दाबी गरेको विषयमा वैकल्पिक र प्रभावकारी उपचारको विद्यमानता भएको अवस्थामा असाधारण अधिकारक्षेत्रको प्रयोग हुन नसक्ने।

रोजगारदाता विपक्षी राष्ट्रिय वाणिज्य बैंकले तलब, भत्ता तथा अन्य सुविधाबापत अग्रिमरूपमा कर कट्टी गर्दा बढी कर लिएको भए आयकर ऐन, २०५८ को दफा ११३ बमोजिम विभागसमक्ष निवेदन गर्न सक्ने वैकल्पिक र प्रभावकारी उपचारको अवलम्बन नगरी सिधै यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रस्तुत रिट दायर गरेको कार्य संविधान एवम् कानूनसम्मत मान्न नमिल्ने हुँदा निवेदकले कानूनद्वारा तोकिएको प्रभावकारी वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी यस अदालतमा दायर गरेको रिट निवेदन मागबमोजिमको आदेश जारी गर्न

मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६८-WO-११८५, उत्प्रेषण/परमादेश, *अनिलकुमार भण्डारी वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयसमेत* भएको मुद्दा यसैअनुसार फैसला भएको छ ।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-WO-०३७८, ०७६३, उत्प्रेषण / परमादेश, *दानालाल यादव वि. रामखिन मण्डल भन्ने रामकृष्ण मण्डल, ननुवती यादव वि. रामखिन मण्डल भन्ने रामकृष्ण मण्डल*

मोही लागेको जग्गा जग्गाधनी र मोहीका बिचमा बाँडफाँडका प्रक्रियाका सम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ख, २६ग र २६घ मा विभिन्न कानूनी व्यवस्था रहेको छ । जसअनुसार तोकिएको अधिकारीले उल्लिखित कानूनको अधीनमा रही मोही लागेको जग्गा जग्गाधनी र मोहीलाई बाँडफाँड गर्न सक्ने हुन्छ । उक्त ऐनको दफा २६क मा सरकारी वा गैरसरकारी बिगो वा सजायमा समेत मोहियानी हक खरिद बिक्री नहुने व्यवस्था रहेको पाइन्छ भने मोही लागेको जग्गा कुनै किसिमबाट हक हस्तान्तरण भएमा मोही हक समाप्त नभई यथावत् रहने कानूनी व्यवस्था भूमिसम्बन्धी ऐन, २०२१ मा रहेको छ । यसरी भूमिसम्बन्धी ऐन, २०२१ ले मोहीयानी हक लागेको जग्गामा जग्गाधनी र मोहीका बिचमा बाँडफाँडको लागि स्पष्ट कानूनी व्यवस्था तोकिदिएको अवस्थामा उक्त कानूनी व्यवस्थाभन्दा बाहिर गई सप्तरी जिल्ला अदालतले लेनदेन मुद्दाको फैसलाअनुसार बिगो भराउने प्रयोजनका लागि भनी कि.नं. ३०१ को जग्गा मोही रहेका निवेदकको अनुपस्थितिमा मोहीको भागको आधा जग्गा बाँकी नै राखिएको भनी जग्गा बाँडफाँड हुनेगरी आधी जग्गा लिलाम गरी सो लिलाम गरेको जग्गामा मोही हकसमेत कट्टा गरी दिएको कार्य कानूनसम्मत मान्न नमिल्ने ।

मोही बाँडफाँड गर्ने अधिकार जिल्ला अदालतको स्वविवेकमा नभई भूमिसम्बन्धी ऐन, २०२१ को कानूनी प्रक्रियाअनुरूप हुने हो । कानूनले तोकेको अधिकारक्षेत्रभन्दा बाहिर गई जिल्ला अदालतले मोहीयानी हकको जग्गा बाँडफाँड गर्न सक्दैन । निवेदकको मोही हक लागेको कि.नं. ३०१ को जग्गामध्ये आधी जग्गा सप्तरी जिल्ला अदालतले गरेको लिलामी कारवाहीबाट दा.खा. को क्रममा कित्ता काट भई कि.नं. ५९५ र ५९६ कायम हुन आएको देखिन्छ । उक्त लिलामी कारवाहीबाट आधा कायम भएको कि.नं. ५९६ यथावत् राखी कि.नं. ५९५ को आधा ०-४-९$^{1}/_{2}$ जग्गा पुनरावेदक दानालाल यादवका नाममा दा.खा.समेत गर्न मालपोत कार्यालय, सप्तरीमा पठाएको देखिन्छ । उक्त कि.नं. ५९५ मा निवेदक मोही रामखित मण्डल भन्ने रामकृष्ण मण्डलको मोही हक कट्टा गरिएको कार्य कानूनीरूपमा त्रुटिपूर्ण भई बदरयोग्य देखिने ।

मोही लागेको कि.नं. ३०१ को जग्गा कुनै तरहबाट अरूको हकमा जाँदैमा मोहीको मोहीयानी हक नजानेमा सप्तरी जिल्ला अदालतले कि.नं. ३०१ को आधी जग्गा लिलाम गरी कायम भएको कि.नं. ५९५ मा मोही हक कायम नराखी दा.खा. समेत गर्न पठाएको कार्य कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने र निवेदकको मोही हक मेटाइएको कि.नं. ५९५ मा समेत मोहीको मोही हक पूर्ववत्रूपमा रहने हुँदा कि.नं. ५९५ मा निवेदक रामखित मण्डल भन्ने रामकृष्ण मण्डलको मोही हक यथावत् कायम राख्न विपक्षीका

नाममा परमादेशसमेत जारी हुने देखिने।

सप्तरी जिल्ला अदालतले कि.नं. ३०१ को ०-८-१९ को जग्गाको आधी जग्गा मिति २०६७।११।२ मा लिलाम गरी कायमी कि.नं. ५९५ मा निवदेक रामखित मण्डल भन्ने रामकृष्ण मण्डलको मोही हक कट्टा गरी दानालाल यादवका नाममा दा.खा. समेत गर्न पठाएको त्रुटिपूर्ण कार्य उत्प्रेषणको आदेशले बदर गरी उक्त कि.नं. ५९५ को जग्गामा समेत निवेदकको मोही हक यथास्थितिमा राख्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।१२।१९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरू दानालाल यादव र ननुवति यादवको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल माघ २५ गते रोज १ शुभम्।

६

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CI-१५०१, निषेधाज्ञा, *निजाद्दिन हलवाई वि. रमजान हलवाईसमेत*

विवादित कि.नं. २६ को जग्गा फिल्डबुकमा नै कुवा भन्ने उल्लेख भएको देखिन्छ। तर सो जग्गामा कुनै समुदायको मठ, मन्दिर वा मस्जिदसमेतका भौतिक संरचना नभई सो जग्गा नजिक करिब ५० मिटरको दुरीमा मस्जिद रहेबाट सोही मस्जिदमा नै नमाज पढिने हुँदा कि.नं. २६ को खाली जग्गामा विपक्षीले नमाज पढ्न अवरोध गरेको भन्ने निवेदन दाबी आधारहीन देखिन आउने।

निवेदक तथा विपक्षीहरू दुवैपक्ष एउटै धर्म अर्थात् मुस्लिम धर्म मान्ने व्यक्तिहरू रहेको पाइन्छ। विपक्षीको लिखित जवाफबाट कि.नं. २६ को नजिक रहेको मस्जिदमा निवेदक एवम् विपक्षीले नमाज पढ्ने गरेको र उक्त मस्जिदमा निवेदकलाई नमाज पढ्न विपक्षीहरूबाट अवरोध भए गरेको नदेखिँदा निवेदकहरूको नमाज पढ्ने हकमा विपक्षीहरूले आघात पुर्‍याएको अवस्था भएन। कि.नं. २६ को जग्गा सबै धार्मिक समुदायले सार्वजनिकरूपमा प्रयोग गरेको र त्यस्तो सार्वजनिक प्रयोग गर्न अवरोध नगरेको एवम् जग्गा कब्जा खिचोलासमेत नगरेको भन्ने लिखित जवाफ हुँदा विपक्षीहरूले कि.नं. २६ को जग्गा खिचोला गर्न लागेको भन्ने निवेदकको दाबी पनि यथार्तमा आधारित नभई हचुवा रहेको देखिन आउने। जग्गा खिचोलाको विवाद निषेधाज्ञा मुद्दाबाट निरूपण गरिने पनि होइन। निवेदकको निर्विवाद हकको विषयमा गैरकानूनीरूपमा हनन् हुनसक्ने प्रवल आशङ्काको विद्यमानता देखिने र तत्काल त्यस्तो सम्भावित गैरकानूनी कार्य हुनबाट नरोकेमा निवेदकलाई अपूरणीय क्षति हुने अवस्था भएमा मात्र निषेधाज्ञाको आदेश जारी हुने हो। निवेदकले निवेदन पत्रमा उल्लेख गरेको कि.नं. २६ को जग्गा सार्वजनिक उपयोगमा रहेको भनी विपक्षतर्फबाट समेत स्वीकार गरेको अवस्थामा विपक्षीले कब्जा गर्न लागेको भन्ने युक्तियुक्त आधार बिना केवल निवेदकको आशङ्काको आधारमा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने।

निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी नगरी निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६८।८।७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम्।

७

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-०१२४, सवारी ज्यान, *नेपाल सरकार वि. कुशल सिटौला*

प्रतिवादीले विपरीत दिशाबाट अर्को गाडी आएकाले आफूले चलाएको बा.२ ख २६४६ नं. को पानी ट्याङ्कर आफ्नो साइड च्यापी लान खोज्दा अनियन्त्रित भएको कारण बाटोमा हिँड्दै गरेकी मृतक मीना ठोकरलाइ ठक्कर दिँदा मृत्यु भएको हो भन्नेसमेत व्यहोराले अधिकारप्राप्त अधिकारी र अदालतमा साबिती बयान गरेको देखिन्छ । प्रतिवादी स्वयम्ले आफू साबित भई गरेको बयान प्रमाण ऐन, २०३१ को दफा ९ ले निजको विरूद्ध प्रमाण लाग्ने ।

प्रतिवादीले सुस्त गतिमा २ नं. गियरमा सवारी साधन चलाएको भनी बयान गरेको देखिन्छ । सवारी कम गतिमा हाँक्नु पनि कहिले काहीँ दुर्घटनाको कारण हुनसक्ने कुरालाई इन्कार गर्न सकिन्न । प्रतिवादीले चलाएको पानी ट्याङ्करको यान्त्रिक प्रतिवेदनबाट ट्याङ्करको क्लच, ब्रेक स्टेरिङसमेतका मेसिनरी पार्ट पूर्जा ठीक हालतमा रहेको भन्ने देखिन आएको छ । यान्त्रिकरूपमा दुरूस्त रहेको सवारी साधन होसियारीपूर्वक चलाएको भए सवारी दुर्घटना भई मृतकको मृत्यु हुनेसम्मको अवस्था आउने थिएन । त्यसकारण प्रतिवादीको सो कार्य लापारवाहीपूर्वक कार्य हो भन्ने देखिन आउने ।

कुनै पनि किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै मृत्यु भएमा त्यस्तो कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) अन्तर्गतको कसुर कायम हुने सन्दर्भमा हेर्दा मृतकको मृत्यु प्रतिवादीले चलाएको ट्याङ्करले सडक पेटीमा हिँड्दै गरेको अवस्थामा दिएको ठक्करबाट घाइते भई उपचारको क्रममा तत्काल मृत्यु भएको देखिन्छ । तसर्थ प्रतिवादी कुशल सिटौलाले अधिकार प्राप्त अधिकारी र अदालतसमक्ष आफूले चलाएको बा २ ख २६४६ नं. को पानी ट्याङ्करले ठक्कर दिँदा मीना ठोकरको मृत्यु भएको तथ्यमा साबित भई बयान गरेको अवस्थामा दफा १६१ को उपदफा (३) अनुसार **तीन महिना** कैद सजाय गर्ने गरी सुरू अदालतले गरेको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।११।१७ को फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुन्छ । प्रतिवादी कुशल सिटौलाको कसुर उक्त ऐनको दफा १६१ को उपदफा (२) अन्तर्गतको नै देखिँदा निजलाई सो ऐनको दफा १६१ को उपदफा (२) बमोजिम २ वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७१ साल चैत २२ गते रोज १ शुभम् ।

८

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CI-१५००, निषेधाज्ञा/परमादेश, *जीवनकुमारी श्रेष्ठ वि. बाँके जिल्ला, कोहलपुरमा कार्यालय भई हाल नेपालगन्ज नगरपालिका, वडा नं. २ मा कार्यालय रहेको श्री दङ्गा प्रहरी नियन्त्रण गणसमेत*

दाबीको जग्गा आफ्नो नाममा दर्ता हुन बाँकी रहेको र जग्गाधनी प्रमाण पुर्जा प्राप्त नभएको तथ्यलाई स्वयम् निवेदिकाले निवेदन पत्रमा स्वीकार गरेको हुँदा निवेदिकाले दाबी गरेको जग्गा सरकारी पर्ति जग्गा भई उक्त जग्गामा निजको निर्विवाद हक स्वामित्व कायम

नभएको तथ्य निवेदन पत्रबाट नै स्थापित हुन आउने। विवादित जग्गाको जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको स्वामित्वको प्रमाणबिना केवल भोगमात्रको आधारमा दाबीको जग्गामा निवेदिकाको हक रहेको मान्न नमिल्ने हुन्छ। जग्गामा कुनै व्यक्तिको अनुमानित हक वा आंशिक हकका आधारमा निषेधाज्ञा जारी हुन सक्दैन। निषेधाज्ञाको आदेश जारीको लागि निवेदिकाले दाबी गरेको विषयमा निजको निर्विवाद हक तथा स्वामित्व रहेको तथ्य स्थापित हुनु पर्दछ। साथै त्यस्तो हकलाई गैरकानूनीरूपमा आघात हुने प्रवल सम्भावना रहेको कुरा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनुपर्ने र तत्काल निषेधाज्ञा जारी नगर्दा निजलाई अपूरणीय क्षति हुने अवस्थासमेत विद्यमान रहेको हुनु पर्दछ । प्रस्तुत विवादमा दाबीको जग्गामा निवेदिकाको निर्विवाद हक स्थापित नै नभएको अवस्थामा निजको हकमा आघात पर्ने अवस्थासमेत भएन । निवेदिकाको निर्विवाद हक नभएको दाबीको जग्गाका सम्बन्धमा निवेदन मागबमोजिम विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने प्रथम दृष्टिमा नै देखिन आउने।

प्रस्तुत मुद्दामा निवेदिकाले दाबी गरेको जग्गा निवेदिकाको नाममा दर्ता हुने वा नहुने विषयको निर्णय गर्ने अधिकार नेपाल सरकार वा सरकारबाट अधिकारप्राप्त आयोग, निकाय वा अधिकारीले छानबिन गरी निर्क्यौल गर्ने विषयसमेत भएको हुँदा सोभन्दा अगावै प्रस्तुत रिटको आधारमा दर्ता गरी दिन बाध्य हुने गरी परमादेशसमेत जारी गर्न नमिल्ने।

निवेदिकाको निर्विवाद हक स्थापित नभएको जग्गामा निवेदिकको हक हनन् भएको मान्न नमिल्ने र जग्गा दर्ताको विषयमा सम्बन्धित निकायले आवश्यक प्रमाण बुझी निर्णय गर्न सक्ने हुँदा सोपूर्व नै निवेदिकाको मागबमोजिम निषेधाज्ञा तथा परमादेश जारी हुने अवस्था प्रथम दृष्टिमा नै देखिन नआएकाले विपक्षीहरूबाट लिखित जवाफ माग नगरी निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालतको नेपालगन्जको मिति २०६८।१२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक निवेदिकाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम् ।

९

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-१२७७, बकसपत्र लिखत बदर नामसारी, *सुरसती पासी वि. शिवप्रसाद कोरीसमेत*

अंश बन्डाको महलको १९ नं. को विभिन्न दफाहरूमा सगोलको सम्पत्ति कसरी व्यवहार गर्ने भन्ने कुराको आधार र अवस्था उल्लेख भई देहाय दफा ४ मा माथि दफा दफामा लेखिएबमोजिम आफूखुशी गर्न नपाउने अवस्थामा पनि आफ्नो अंश हक जति आफूखुश गर्न पाउँछ भन्ने उल्लेख भएको देखिन आउँछ। सो कानूनी व्यवस्थाबाट आफ्नो अंश हकको सम्पत्ति जुनसुकै व्यहोराले आफूखुश गर्न पाउँने अधिकार रहेको र त्यस्तो सम्पत्ति दान बकसको महलको १ नं. र अंशबन्डाको १९(४) नं.मा उल्लिखित कानूनको सीमामा रही त्यस्तो सम्पत्ति दान वा बकस जुनसुकै व्यहोराले हक हस्तान्तरण गर्न मिल्ने देखिन आउने।

दानबकसको महलको २ नं.मा शेषपछिको बकसपत्र बदर गराउन पाउने अधिकार र कार्यविधिको व्यवस्था गरेको देखिन्छ । उक्त व्यवस्थाअनुसार शेषपछिको बकस गरिदिनेलाई चित्त नबुझेमा जहिलेसुकै त्यस्तो लिखत बदर गर्न सक्ने अधिकार प्रदान गरेको देखिन आएको छ। शेषपछिको बकसपत्र गरिदिनेको

मृत्यु भएको र सो लिखत बदर नभएको अवस्थामा त्यस्तो बकसपत्र स्वतः क्रियाशील भै बकसपत्र पाउनेको व्यक्तिमा हक सर्ने हुन्छ । यदि दाताको जीवनकालमा निजले सो लिखत बदर नगराएमा निजको मृत्युपछि स्वतः पाउनेको हक क्रियाशील हुन जान्छ। आफ्नो हक पुग्ने सम्पत्ति शेषपछिको बकसपत्र लिखत गरेकामा दाताले चाहेमा आफ्नो जीवनकाल भरी जहिलेसुकै बदर गराउन सक्ने नै देखिने।

बकसपत्रको लिखतमा स्वयम् दाताकी पत्नी यी वादी जल्ली चमाईन साक्षी बसी लिखत पारित भएको देखिँदा त्यसरी हक हस्तान्तरण गरेको सम्पत्तिमा वादीको हक स्थापित हुने कुनै कानूनी आधार रहे भएको देखिन नआउने।

बकसपत्रमा उल्लिखित कैफियत व्यहोरामा वादीले दाबी गरेबमोजिम वादीको हेरचाह, सम्भार, रेखदेख र उपचारसमेत गर्नुपर्ने व्यहोरा उल्लेख नभई अघिबाटै सेवा सम्भार खेतीपाती गरी रिझाएकीले रिझबापत भन्ने व्यहोरा उल्लेख गरी आफू र पत्नी जल्ली चमाइनको शेषपछि आफ्नो नाममा दा.खा. गराई भोग चलन गर्नु भन्ने व्यहोरा उल्लेख भएको देखिन आएबाट शेषपछिको बकसपत्रमा उल्लिखित सर्तविपरीतका कार्य प्रतिवादीबाट भए गरेको भन्ने देखिन नआएकाले उक्त शेषपछिको बकसपत्र लिखत क्रियाशिल हुनु नपर्ने कुनै कारण रहे भएको देखिन नआउने।

लिखतमा उल्लेख गरिएको आफू र पत्नीको शेषपछि भन्ने व्यहोराबमोजिम पनि दाता र दाताकी पत्नी दुवैको मृत्यु भैसकेको र दाता पृथी चमारले आफ्नो जीवनकालमा बकसपत्र लिखत बदर नगराएको त्यस्तो अवस्थामा पारित बकसपत्र लिखत स्वतः क्रियाशील भई बकसपत्र दिनेको अंश हक बकसपत्र पाउनेमा सर्ने हुँदा २०४८।८।२० मा पारित र.नं.१९७६ को शेषपछिको बकसपत्र लिखत बदर हुन सक्ने अवस्था रहेन।

पृथी चमारले आफ्नो अंश हकको सम्पत्ति शेषपछिको बकसपत्रको लिखत गरी सुरसती पासीलाई दिँदा आफ्नी पत्नी यी वादीलाई साक्षी राखी मन्जुरीको लिखतसमेत गराएको, त्यसरी लिखत गर्दा पृथी चमारले आफ्नो नाममा एकलौटी दर्ता रहेको ज.वि.०-१७-११ मध्ये आधा जग्गा ज.वि. ०–८–१६ मात्र सुरसती पासीलाई लिखत गरी दिएको, दाताले आफ्नो जीवनकालमा लिखत बदर नगराएको, अघिदेखी सेवा सम्भार गरेको हुँदा आफ्नो र पत्नीको शेषपछि दा.खा.गरी भोगचलन गर्नु भनी रिझबापत बकस गरी दिएकामा दाता पृथी चमारको मिति २०४८।९।२५ मा र दाताकी पत्नी जल्ली चमाइनको मुद्दा विचाराधीन रहेको अवस्था मिति २०६५।३।१७ मा मृत्यु भइसकेको हुँदा उक्त शेषपछिको बकसपत्रको लिखत स्वतः क्रियाशील भई बकसपत्र दाताको सम्पत्ति बकस पाउनेमा सर्नेमा २०४८।८।२० मा र.नं.१९७६ बाट पारित शेषपछिको बकसपत्र लिखत बदर गरी उक्त लिखतमा उल्लिखित जग्गामध्ये आधाआधा जग्गा वादी प्रतिवादीका नाममा नामसारी हुने ठहर गरेको कपिलवस्तु जिल्ला अदालतको मिति २०६६।१।२८ को फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।८।९ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई मिति २०४८।८।२० मा पारित र.नं.१९७६ को शेषपछिको बकसपत्र लिखत बदर गरी पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल मङ्सिर २८ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CI-१२७८, जग्गा हक कायम नामसारी दर्ता, *सुरसती पासी वि. शिवप्रसाद कोरीसमेत*
- ०६६-CI-१२७९, सकार बदर, *सुरसती पासी वि. शिवप्रसाद कोरीसमेत*
- ०६६-CI-१२८१, बकसपत्र लिखत बदर, *सुरसती पासी वि. शिवप्रसाद कोरीसमेत*
- ०६६-CI-१२८०, सकार बदर, *सुरसती पासी वि. शिवप्रसाद कोरी*

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०९०५, कर्तव्य ज्यान, *प्रकाशबहादुर खड्का वि. नेपाल सरकार*

प्रतिवादीले पूर्वयोजना बनाएर मार्ने मनसाय राखेर योजनाबद्ध ढङ्गले श्रीमतीलाई मारेको अवस्था नदेखिए पनि घर जाने विषयमा दुवैजना बिचमा विवाद बढ्दै जाँदा प्रतिवादीले श्रीमतीको घाँटी थिच्न पुगेको अवस्था देखिएको र घाँटी थिच्ने काम अकस्मात एकैछिनमात्र नभई नमरून्जेल निरन्तर भएको देखिएबाट मार्ने मनसाय नभएको भन्न नमिल्ने।

सुरूमा मार्ने मनसाय राखी योजना बनाएको अवस्था नभएपनि घाँटी जस्तो संवेदनशील अङ्गमा लामोसमयसम्म थिचि राख्दा मानिस मर्न सक्छ भन्ने कुराको ज्ञान प्रतिवादीलाई नहुने भन्ने पनि हुँदैन । यस्तो काम प्रतिवादीले जानीजानी नै गरेको र त्यसैबाट मृतकको मृत्यु भएको पाइँदा प्रतिवादीको मृतकलाई मार्ने मनसाय पूरा भएको देखिन्छ । आफूले पनि विष सेवन गरेको अवस्थामा घाँटी थिच्न पुगेकाले होस नभई लामोसमयसम्म घाँटी थिचिएको भनी प्रतिवादीले सामान्य प्रतिरक्षा लिन खोजेको भए पनि तथ्यको विश्लेषण गर्दा प्रतिवादीलाई सामान्य प्रतिरक्षाको सुविधा दिएर निजले घटाएको कसुरलाई आवेशप्रेरित हत्याको संज्ञा दिन नसकिने।

रिसको आवेगमा घटना घटाएको भए पनि तत्कालको रिसलाई काबुमा ल्याउने प्रतिवादीसँग पर्याप्त समय भएकालाई पनि पर्वाह नगरी मृतकको घाँटीमा निकै लामो समयसम्म थिचि राख्दा मृतकको ज्यान मर्न गएको अवस्थाको उल्लिखित विश्लेषणबाट प्रतिवादीले गरेको आपराधिक कार्य मनसाय प्रेरितको नभई ज्यानसम्बन्धीको १३(३) कै देखिन्छ । प्रतिवादीले मृतकलाई घातक हतियारले हानेर मारेको नभए पनि मृतकको घाँटीको अग्रभागमा नीलडाम देखिएको, घाँटीमा लामोसमयसम्म थिची राखेको कारण रूद्र घन्टीको कुरकुरे हाड भाँचिन गएको भन्ने जस्ता भौतिक एवम् चिकित्सकिय प्रमाणहरूले देखाइरहेको छ भने प्रतिवादीले मृतकलाई लामो समयसम्म घाँटी थिचिरहँदा निजको तत्कालको रिसइबी ज्यान मार्ने मनसायमा परिणत भएको अवस्था देखिन आएबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहर्‍याएको सुरूको सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला अन्यथा नहुँदा सो फैसलालाई परिवर्तन गर्न नपर्ने हुँदा पुनरावेदक प्रतिवादी प्रकाशबहादुर खड्कालाई ज्यानसम्बन्धीको १ नं. र १३(३) नं. को कसुरमा ऐ. महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी सुरू चितवन जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१०।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न

नसक्ने ।

प्रस्तुत मुद्दामा सिर्जित वारदातको मूल्याङ्कन गर्दा प्रतिवादीले पहिल्यैदेखि श्रीमतीलाई मार्ने योजना बनाई मारेको प्रमाणबाट नदेखिएको, धार भएको वा नभएको भए पनि जोखिमी हतियारको प्रयोग गरी वा विष खुवाई आततायीरूपमा अमानुषिक तवरले असाध्यै पीडा दिई मारेको अवस्था नभई पटकपटक घर जाऊँ भन्दा पनि श्रीमती घर जान नमानेको घरायसी विवादको कारण वाक्क दिक्क भएर प्रतिवादी आफैँले पनि विष खाएर श्रीमतीलाई आफ्नो कुरा मनाउनको लागि विष खान लाग्दा श्रीमतीले प्रतिवादीको गालामा दुख्ने गरी पिटेको अवस्थाको विद्यमानता देखिँदा प्रतिवादीलाई रिसको आवेगमा ल्याउनुमा मृतककै उत्प्रेरक तत्त्वले काम गरेको देखिन्छ । मृतकको घर जान नमान्ने पहिलेदेखिको क्रियाले प्रतिवादीलाई मानसिकरूपमा तनावमा पारेको तथा वारदातको दिन पनि मृतकले प्रतिवादीलाई पिटी उत्तेजित पारेको कारणबाट सिर्जित रिसको आवेगमा प्रतिवादीले मृतक नमरून्जेलसम्म मृतकको घाँटी थिचेको कारणबाट मृतकको मृत्यु भएको अवस्था देखिने ।

पति पत्नीबिचको सम्बन्धमा तनावको उत्कर्षको रूपमा वारदातको घातक स्थिति घटित हुन पुगेको पाइन्छ । यसरी मृतकको मृत्यु हुने कारणमा मृतककै उत्प्रेरक तत्त्वले काम गरेको र प्रतिवादीले अनुचित बल प्रयोग गरी कसुर गरेको देखिए पनि कसुर गर्दाको परिस्थिति तथा कसुरदार र मृतकबिचको सम्बन्धमा देखिएको तनावको प्रकृति हेर्दा घटित वारदातको लागि मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिमको निर्धारित पूरै सजाय गर्दा चर्को पर्न सक्ने देखिएको भनी पुनरावेदन अदालतले विश्लेषणसहित सजाय कम गर्न राय व्यक्त गरेको मनासिब नै देखिएकाले प्रतिवादीलाई उल्लिखित अनुसार ज्यानसम्बन्धीको १३(३) नं. अनुसार निर्धारित भएको पूरै सजाय नगरी १२ वर्षमात्रको कैद सजाय गर्न उपयुक्त हुने भनी अ.बं.१८८ नं. बमोजिम व्यक्त गरेको रायसमेत मनासिब देखिने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०५७०, डाँका, *नेपाल सरकार वि. बाबु भन्ने सोमलाल ब्लोन*

सहअभियुक्तको पोल आफैँमा प्रमाण होइन । त्यस्तो पोल गराइलाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि गराउन नसकेमा सहअभियुक्तको पोलको आधारमा कसैलाई कसुरदार कायम गर्न नमिल्ने भन्ने सम्बन्धमा यस अदालतबाट कैयौं मुद्दाहरूमा सिद्धान्त प्रतिपादनसमेत गरिसकेको छ । प्रतिवादी सोमलाल ब्लोन अदालतमा बयान गर्दा पूर्णरूपमा कसुर गरेकामा इन्कार रहेका छन् । निजबाट डाँका गरिएमध्येका कुनै धनमाल बरामद नभएबाट निजको इन्कारीको समर्थन भएको देखिन्छ । अधिकारप्राप्त अधिकारीसमक्षको साबिति बयानलाई अन्य स्वतन्त्र प्रमाण प्रस्तुत गरी वादी पक्षले समर्थन गराउन नसकेसम्म त्यस्तो साबितिलाई प्रमाणमा लिन मिल्दैन । प्रतिवादी सोमलाल ब्लोनउपर गडाव गर्ने जाहेरवालालगायतका साक्षी अदालतमा उपस्थित भई आफूहरूको जाहेरी एवम् मौकाको कागजको व्यहोरालाई स्वतन्त्ररूपबाट थप पुष्टि र समर्थन गराउन सकेको अवस्था मिसिलबाट नदेखिने ।

अधिकारप्राप्त अधिकारीसमक्षको साबिती र सहअभियुक्तको पोल विश्वसनीय प्रमाण ठहरिनको लागि त्यस्तो साबिति र पोललाई अन्य स्वतन्त्र

प्रमाणले समर्थन गर्न आवश्यक हुन्छ । प्रतिवादी सोमलाल ब्लोनउपरको दाबीको पुष्टि वादी पक्षले साक्षी सर्जमीनका व्यक्तिहरूलाई अदालतमा उपस्थित गराई समर्थन गराउन सकेको देखिँदैन । अभियोग दाबीलाई शङ्कारहित तवरले वादी पक्षले पुष्टि गराउन नसके प्रतिवादीले शङ्काको सुविधा पाई अभियोग दाबीबाट सफाइ पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त कायम रहेको तथा प्रतिवादी सोमलाल ब्लोनउपरको कसुर कुनै तथ्ययुक्त र ठोस सबुत प्रमाण गुजारी वादी पक्षले पुष्टि गराउन नसकेको अवस्था हुँदा निज प्रतिवादीलाई सफाइ दिएको पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा रहेको देखिन नआउने ।

प्रतिवादी बाबु भन्ने सोमलाल ब्लोनउपरको कसुर स्वतन्त्र सबुत प्रमाणबाट पुष्टि हुन नसकेको भन्ने आधारमा निजलाई कसुरदार ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसला उल्टी गरी निजलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।१२।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०६६९, खोटा चलन (नक्कली नोट), *नेपाल सरकार वि. नसिम अन्सारी*

प्रतिवादी नसिम अन्सारीको साथबाट कुनै जाली नोट बरामद हुन सकेको देखिँदैन । आफ्नो साथमा हिँड्ने व्यक्तिहरू जाली नोट साथमा बोकी हिँडेका होलान् भनेर त्यत्तिकै थाहा पाउने कुरा हुँदैन । अन्य प्रतिवादीहरूलाई प्रतिवादी नसिम अन्सारीले अपराधिक मनसाय राखी सघाएको थियो भन्ने कुरा वादी पक्षले कुनै सबुत प्रमाण गुजारी पुष्टि गराउन सकेको देखिँदैन । आपराधिक कार्य र आपराधिक मनसाय नै नराखी गरिएको कार्यबाट कुनै पनि फौजदारी अपराध हुन सक्दैन । अन्य प्रतिवादीहरूसँगै बरामदी मुचुलकामा रोहवरमा रहनु, सँगै पक्राउ पर्नु तथा प्रहरीले दिएको प्रतिवेदनमा नाम उल्लेख हुनु मात्रैले प्रतिवादी नसिमउपरको कसुर प्रमाणित हुने आधार बन्दैन । अन्य प्रतिवादीहरूलाई चिनेको र निजहरू सँगै एउटै गाडीमा सँगै आउँदा विरगन्जमा सँगै पक्राउ परेको भनी प्रतिवादी नसिम अन्सारीले बयान गरेको भरमा निजको कसुरमा संलग्नता रहेको भन्न नमिल्ने ।

फौजदारी कसुर शङ्कारहित तवरले प्रमाणित हुनुपर्छ । वादी पक्षबाट प्रतिवादी नसिम अन्सारीउपरको कसुर शङ्कारहित तवरले पुष्टि गर्न सकेको देखिन्न । कसुर गरेको भन्ने कुरामा नै द्विविधा रहन जान्छ भने त्यस्तो अवस्थामा कुनै पनि व्यक्तिलाई कसुरदार कायम गर्न मिल्दैन । कसुरप्रतिको द्विविधा रहनु भनेकै अभियुक्तको निर्दोषिता देखिनु हो । कुनै वस्तुगत प्रमाणको अभावमा प्रतिवादी नसिम अन्सारी जाली नोटको कारोवार गर्ने व्यक्ति हुन् भन्न नमिल्ने ।

मौकाको साथै अदालतको बयानमा प्रत्यर्थी प्रतिवादी नसिम अन्सारी कसुरप्रति इन्कार रहेको देखिन्छ । अन्य प्रतिवादीहरूले समेत निजलाई पोल गर्न सकेको अवस्था देखिँदैन । नक्कली नोटको कारोवारको प्रमाण भनेकै आरोपित व्यक्तिबाट त्यस्तो नोट बरामद हुनु वा अन्य कुनै पनि प्रकारले त्यस्तो व्यक्ति प्रत्यक्ष वा अप्रत्यक्षरूपबाट त्यस्तो कसुरमा संलग्नता रहेको देखिने स्पष्ट र स्वतन्त्र किसिमको प्रमाण हुनु हो ।

प्रतिवादी नसिम अन्सारीउपरको कसुर प्रमाणित कुनै पनि ठोस र वस्तुगत प्रमाणद्वारा हुन सकेको छैन। प्रतिवादी नसिम ट्राभल एजेन्सीको व्यवसाय गर्ने व्यक्ति भएकाले पनि निजको अन्य प्रतिवादीहरूसँग चिनजान हुनु र अन्य प्रतिवादीहरू सँगै एउटै गाडीमा हिँड्नुलाई अस्वभाविक मान्न पनि मिल्दैन । निज त्यसरी अन्य प्रतिवादीहरू सँगै एउटै गाडीमा हिँडेको अवस्थामा भेटिँदैमा निजले दाबीको कसुर गरेकै हो भनी अनुमान र शङ्काको भरमा भन्न र त्यस्तो कार्यलाई आपराधिक कार्यको संज्ञा दिनसमेत मिल्दैन । यस्तो अवस्थामा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुने अवस्था नहुँदा पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा प्रतिवादी नसिम अन्सारीले दाबीको कसुर गरेको भनी निजलाई २ (दुई) वर्ष कैद र ३,८४,०००।०० (तीन लाख चौरासी हजार रूपैयाँ) जरिवाना गरेको सुरू पर्सा जिल्ला अदालतको फैसला उल्टी गरी निज प्रतिवादी नसिम अन्सारीलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।०५।०१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-००५८, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. जोगेन्द्र भन्ने योगेन्द्र महतो*

जाहेरवालाले लिखतबमोजिम प्रतिवादीलाई रकम बुझाएको भन्न नसकेको र लिखतको व्यहोरा टिक्ने कुरासमेत नहुँदा यस्तो अवस्थामा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्न मनासिब भएन । तसर्थ प्रतिवादी जोगेन्द्र महतोले आरोपबमोजिमको कसुर गरे भन्ने अनुमान गरी निजलाई सजाय गर्न न्याय कानून र विवेकको रोहमा समेत मिल्ने नदेखिँदा प्रतिवादी जोगेन्द्र भन्ने योगेन्द्र महतोले आरोपित कसुरबाट सफाइ पाउने ठहरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला सो हदसम्म मिलेको देखिन आयो । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

वैदेशिक रोजगार न्यायाधिकरणले जाहेरवालाउपर उल्लिखित कैद तथा जरिवाना ठहर गर्दा हुँदै नभएको वारदातलाई कपोलकल्पितरूपमा वैदेशिक रोजगारको घटना सिर्जना गरी प्रहरी, वैदेशिक रोजगार विभाग र न्यायिक जनशक्तिको समय, श्रम र अर्थ अनाहकमा दुरूपयोग गराएकोसमेत आधारमा मुलुकी ऐन, दण्ड सजायको १८ नं. बमोजिम जाहेरवालालाई उल्लिखित कैद तथा जरिवाना निर्धारण गरेको देखियो । जाहेरवालाले २०६३।९।३० को लिखतको आधारमा जाहेरी दिएको र उक्त लिखतको व्यहोरा टिक्न नसकी दाबीसम्म पुग्न नसक्ने तर उक्त जाहेरी दरखास्तमा भएको व्यहोरालाई खण्डित गरेकै आधारमा दण्ड सजायको १८ नं. आकर्षित गरी यी जाहेरवालालाई कैद र जरिवानासमेत निर्धारण गर्न न्यायोचित नहुने हुँदा जाहेरवालालाई जरिवाना रू. १,२५,०००।– र कैद महिना ९ (नौ) सजाय हुने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।६।१७ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CI-११०३, निषेधाज्ञा, *प्रद्युम्नप्रसाद मैनाली वि. रामप्रवेश प्रसाद कुर्मीसमेत*

कामना क्रसर रोडा तथा बालुवा उद्योग कम्पनी प्रा.लि. मा परिणत भै उक्त कम्पनीको सेयरको हिस्सामा विपक्षी रामप्रवेशप्रसाद कुर्मीको ३४,०००।– थान, मनोजकुमार सर्राफको ३९,००० थान, रामपाल यादवको ५९५० थान तथा यी पुनरावेदक प्रद्युम्नप्रसाद मैनालीको ५९५० थान सेयर कायम रहेको भन्ने देखिएको छ । त्यस्तै उक्त कामना क्रसर रोडा तथा बालुवा उद्योग प्रारम्भमा साझेदारी ऐन, २०२० अन्तर्गत घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुरमा दर्ता भै सञ्चालनमा रहेको देखिएको तर मिसिल संलग्न कम्पनी रजिस्ट्रारको कार्यालयको मिति २०६६।१।९ को पत्र व्यहोराअनुसार मनोजकुमार सर्राफसमेत रहेको उक्त उद्योग कामना क्रसर रोडा तथा बालुवा उद्योग प्रा.लि. नामक कम्पनीमा दर्ता भएको भनी कम्पनी दर्ता प्रमाणपत्र पठाएको भन्ने उक्त पत्र व्यहोराबाट देखिएको छ । साथै उक्त कम्पनीको सेयर धनी दर्ता किताबको प्रतिलिपि व्यहोरासमेत हेर्दा सेयरधनीहरूमा क्रमश: मनोजकुमार सर्राफ, रामप्रवेश प्रसाद कुर्मी, रामपाल यादव र यी पुनरावेदक प्रद्युम्न प्रसाद मैनालीको नाम उल्लेख भै निजहरूका नाममा सेयर कायम भएको देखिन्छ । उपरोक्तबमोजिम कायम रहेको सेयरको प्रतिनिधित्व र सेयरको हकका सम्बन्धमा यी पुनरावेदकले खण्डन गर्न सकेको देखिन्न । प्रचलित कानूनको अधीनमा रही प्रारम्भमा साझेदारी ऐनअन्तर्गत दर्ता भै सञ्चालनमा रहेको उक्त काममा क्रसर रोडा तथा बालुवा उद्योगपछि कम्पनी ऐनअन्तर्गत कम्पनीमा परिणत भै सो कम्पनीका सेयरधनीका रूपमा रहेका विपक्षीहरूलाई उक्त कम्पनीको सेयरधनीको हक प्रतिनिधित्व गर्नेलगायतका काममा अन्यथा गर्नसमेत मिल्ने नहुने ।

परिवर्तित कम्पनीमा आफ्नोसमेत सेयर यथावत् कायम रहिरहेको अवस्थामा यी पुनरावेदकको मागबमोजिम विपक्षी रामप्रवेशप्रसाद कुर्मी र रामपाल यादवलाई सेयरधनीको हैसियतमा उक्त कम्पनीमा कुनै काम गर्न वा प्रतिनिधित्व गर्न रोक्न मिल्ने गरी निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने अवस्था नहुँदा निषेधाज्ञा जारी हुन नसक्ने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।१०।२५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुन्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६८-CR-०९९५, अदालतको अवहेलना, *प्रद्युम्नप्रसाद मैनाली वि. रामप्रवेश प्रसाद कुर्मीसमेत* भएको फैसला यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०२७१, लेनदेन, *चन्दर साह गोढ वि. कैलासिया गोढीन*

मिसिल संलग्न रजिस्ट्रेसन पारित गर्ने लिखतको फाराममा लेनदेनको बिगो उल्लेख गरी प्रक्रिया प्रारम्भसमेत गरेकामा रजिस्ट्रेसन पास हुन नसकेको देखिन्छ । लिखतमा लेनदेन गर्दाका बखतको बिगो उल्लेख गर्दा नै लेनदेन भै सकेको र पारित प्रक्रिया जारी रहेको भन्नेसमेतको वादीको भनाई छ । प्रतिवादीले उक्त लिखतमा उल्लेख गरेको सहिछाप स्वीकार गरेको र सो व्यहोरालाई खण्डन गर्ने गरी यकिन प्रमाण पेस गरेको नहुँदा ९५,०००।-

प्राप्त गरेको भन्ने कुरा स्वीकार गरेको मान्नु पर्ने हुन्छ । घर खर्चबापत भनी लिखतमा व्यहोरा जनाई लेनदेन गरेको भनेको छ । प्रतिवादीले उक्त लिखत स्वीकार गरेको हुँदा लिखतमा लेखिएको व्यहोरा अस्वीकार गर्न मिल्दैन । त्यसको अतिरिक्त प्रतिवादीले २०,०००।- वादीबाट प्राप्त गरेको सो रकमका सम्बन्धमा प्रहरी कार्यालयमा गै मिलापत्र गर्ने सहमति भएको भनी उल्लेख गरेको छ । रू. २०,०००।– हुने लिखत गरी प्राप्त गरेको भन्ने नदेखिने ।

रजिस्ट्रेसन गर्ने उद्देश्यले लिखत तयार पारी बिगो प्राप्त गरेको भन्ने उल्लेख गर्दछ भने लिखत पारित नभएको अवस्थामा लिखतको बिगोको लेनदेन कायम नहुने अवस्था आउँदैन । लिखत पारित भए जग्गाको बिक्रीको कार्य पूरा हुने हो । पारित हुन नसके लेनदेन नै भएको हुँदैन भन्ने स्वतः निष्कर्षमा पुग्न पर्ने होइन । लिखत पारित नभए थैलीमा र लेनदेन गरेको भएसम्म साहुको हक पुग्न सक्ने अवस्था हो । पारित नभएको लिखत पारित नहुने बित्तिकै लिखतको अस्तित्व शुन्य हुने होइन । प्रतिवादीले लिखतलाई कीर्ते वा जालसाजी नभनेको अवस्थामा लिखतमा मन्जुर गरिएको कुराको परिणाम इन्कार गर्न नमिल्ने ।

मालपोत कार्यालयमा रजिस्ट्रेसनको प्रक्रिया सुरू भएको भएपनि लिखत पारित हुन नसकी लिखत हुँदा अङ्क नै उल्लेख नगरेको लिखत पेस गरेको होला भनी मान्न सकिने अवस्था छैन । प्रक्रिया सुरू गर्दा प्रतिवादीले बिगो उल्लेख नभएको भन्ने जिकिर लिए पनि त्यस्तो जिकिर प्रतितलायक देखिँदैन । लिखतमा लेखिएको कुरालाई जालसाजी कीर्ते भन्न पनि सकेको छैन । तसर्थ यी वादी र प्रतिवादीका बिच लिखतमा उल्लेख गरेको रकम लेनदेन नभएको भन्न पनि नमिल्ने ।

वादी र प्रतिवादीका बिच भएको लिखत अनुरूपको लेनेदन भएको स्पष्ट पुष्टि भै दाबीको रकम वादीले प्रतिवादीबाट भरी पाउने हुँदा सुरू पर्सा जिल्ला अदालतबाट दाबी पुग्न नसक्ने ठहर भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।३।१२ को फैसला नमिलेकाले उल्टी भै वादीले दाबीबमोजिमको साँवा रकम र कानूनबमोजिमको ब्याजसमेत प्रतिवादीबाट भरी पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०७५८, जबरजस्ती करणी, *खबहादुर वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा करणी गरेको कुरामा इन्कार रही बयान गरेको भए पनि सो इन्कारीलाई भरपर्दो र विश्वासिलो प्रमाण गुजारी पुष्टि गर्न सकेको देखिँदैन । मुद्दाको जाहेरी दिने जाहेरवालाले आफ्नो जाहेरीको व्यहोरालाई समर्थन हुने गरी अदालतमा आई बकपत्र गरेको पाइन्छ भने पीडित क कुमारीकी आमा ग कुमारीले अघिअघि पनि प्रतिवादीले छोरीको स्तन सुमसुम्याउने गर्ने गरेको कुरा छोरीले भनेको र वारदातको दिन प्रतिवादीले सँगै सुतेकी छोरीको पछाडीबाट कट्टु सारी करणी गरेको भनेर छोरीले भनेको भनी प्रहरीमा कागज गरी दिनुको साथै सो व्यहोरालाई समर्थन हुने गरी अदालतमा आई स्पष्टसँग आफ्नै श्रीमान्लाई पोल गरी बकपत्र गरी दिएकी छन् । घटना नै नघटेको हुन्थ्यो भने जबरजस्ती करणी जस्तो जघन्य, गम्भीर एवम् घिनलाग्दो कुकृत्यको आरोप पीडितकी आमा एवम् पीडितले आफ्नै श्रीमान् र बाबुउपर त्यत्तिकै निराधाररूपमा लगाएका होलान्

भनी बिनाआधार प्रमाण भन्न सकिने कुरा पनि हुँदैन। वारदात घट्नुभन्दा पहिला पनि बुवाले दुर्व्यवहार गर्ने गरेको कुरालाई स्पष्टसँग पीडितले अदालतमा बकपत्र गर्दा बकी लेखाई दिएकाले प्रतिवादीउपर लगाइएको अभियोगको समर्थन भएको देखिने।

आफूलाई जन्म दिई पालन पोषण गर्ने बाबुको विरूद्धमा असत्य कुरा उल्लेख गरी पोल उजुर गर्नु पर्नाको खास कारण पीडितसँग रहेको तथ्य पनि मिसिलबाट देखिँदैन । पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले जबरजस्ती करणी भएको कुरा यकिनसाथ भन्न नसकिने भनी प्रतिवेदन दिएको भए पनि निदाएकी छोरीको कट्टु तल सारी पछाडीको संवेदनशील अङ्गमा आफ्नो लिङ्ग घर्षण गराएकामा योनी वा योनीको वरिपरिको भागमा जबरजस्ती करणीका सङ्केत नभेटिएकालाई अस्वाभाविक मान्न नमिल्ने।

बाबुले पहिलेदेखि नै दुर्व्यवहार गरी रहने गरेको कुरा पीडितले व्यक्त गरेको र श्रीमती भन्ने सम्झी छोरीलाई निदाएको अवस्थामा कट्टु सारी पछाडिबाट करणी गर्दै गर्दा मेरो वीर्य स्खलन भयो भनी प्रतिवादीले मौकामा साबिती बयान गर्नुको साथै वीर्य लागेको कट्टुसमेत बरामद हुनुले पनि प्रतिवादीको साबिती बयानको समर्थन भएको देखिन्छ। करणीको मनसायले कट्टु तल सारी पछाडीपट्टि लिङ्ग घर्षण गराई वीर्य स्खलन गराएको कार्यबाट प्रतिवादीले दाबीको कसुर गरेको सिद्ध हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले अभियोगदाबीबाट उन्मुक्ति पाउने अवस्था नहुने।

जबरजस्तीसँग करणी भएको तथ्य स्थापित भएको देखिएको एवम् १४ वर्षकी बालिकाको सहमति मै करणी भएको भए पनि जबरजस्ती करणी नै हुनेमा पीडित निदाएको अवस्थामा श्रीमती भन्ने सम्झी छोरीलाई करणी गर्न पुगेको हुँदा जबरजस्ती करणीमा सजाय हुनु पर्ने होइन भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुन सकिँदैन। झुक्याई पछाडिको भागमा लिङ्ग घर्षण गराएको कारण शरीरमा जबरजस्ती करणी हुँदा हुने संघर्षका कुनै लक्षणहरू देखा नपरेकालाई स्वभाविक मान्नु पर्ने नै हुन्छ । पीडितको पछाडि पट्टिको भागमा लिङ्ग घर्षण गराएको कारण योनीको भागमा जबरजस्ती करणीको लक्षण देखा पर्न नसकेको कारणलाई मात्र आधार मानेर प्रतिवादीको कसुर प्रमाणित नहुने अवस्था पनि हुँदैन। पीडित निदाएको अवस्थामा पछाडिपट्टीको भागमा लिङ्ग घर्षण गराई वीर्यसमेत स्खलन गराएको तथ्य स्थापित हुनुले प्रतिवादीको जबरजस्ती करणीको आपराधिक मनसाय रहेको स्पष्टसँग पुष्टि भई रहेकै देखिएबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम जबरजस्ती करणीतर्फको र हाडनातामा करणीतर्फको थप सजायसमेत हुने गरी भएको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत, इलामको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादीले अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १, २, ३(३) र हाडनाता करणीको महलको १ नं. बमोजिम आफ्नी छोरी पीडितलाई जबरजस्ती करणी गरेको ठहरेकाले निजलाई पीडितको उमेर वारदात हुँदाका अवस्था १४ वर्षकी देखिँदा जबरजस्ती करणीको महलको ३ नं. को देहाय ३ बमोजिम ८(आठ) वर्ष कैद सजाय हुने र पीडित प्रतिवादीले आफैँले जन्माएकी छोरी देखिँदा जबरजस्ती करणीको महलको २ नं. बमोजिम हाडनातामा करणी गर्नेको महलको १ नं. ले हुने कैद वर्ष १०(दश) थप सजाय हुन्छ। प्रतिवादीको आर्थिक अवस्थासमेतलाई विचार गरी निज प्रतिवादीबाट पीडितले रू. ५०,०००।- (पचास हजार रूपैया) क्षतिपूर्तीसमेत भराई पाउने ठहर्छ भनी भएको सुरू

झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६७।४।२६।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल असोज २९ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-००४६, बन्दीप्रत्यक्षीकरण, *मीनबहादुर दोङको हकमा रामकाजी दोङ वि. महानगरीय प्रहरी वृत्त बौद्ध, काठमाडौंसमेत*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम डाँका मुद्दाको अनुसन्धान र तहकिकात गर्ने अधिकार नेपाल प्रहरीको हो । यी रिट निवेदक विरूद्ध डाँका मुद्दामा किटानी जाहेरी दरखास्त परेकामा पक्राउ परी अनुसन्धान र तहकिकात गर्न काठमाडौं जिल्ला अदालतबाट म्याद थप भई हिरासतमा राखिएको कुरा महानगरीय प्रहरी वृत्त, बौद्धको लिखित जवाफमा उल्लेख भएको देखिन्छ । निजका विरूद्ध परेको जाहेरी दरखास्तबमोजिम अधिकारप्राप्त निकायको आदेशबाट अनुसन्धान र तहकिकातका लागि म्याद थप भई निजलाई कानूनबमोजिम नै थुनामा राखिएको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिँदा त्यस्तो थुनालाई गैरकानूनी थुना मान्न मिल्ने नदेखिने ।

रिट निवेदक मीनबहादुर दोङलाई महानगरीय प्रहरी वृत्त, बौद्ध काठमाडौंले पक्राउ गरी निजउपर परेको डाँका मुद्दाको अनुसन्धानका लागि काठमाडौं जिल्ला अदालतबाट म्यादसमेत थप भई महानगरीय प्रहरी वृत्त, बौद्ध काठमाडौंमा थुनामा रहेको देखिन्छ । निजउपरको अनुसन्धानको विषयवस्तु र थुनामा राखिएको कार्यविधिसमेत प्रचलित कानूनबमोजिम नै रहे भएको देखिँदा अनुसन्धान र तहकिकातको कार्य सम्पन्न नहुँदै बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्दा अनुसन्धान एवम् अभियोजन गर्ने निकाय एवम् सो विषयमा न्यायिक सुनुवाई गर्ने अदालतको क्षेत्राधिकारमा समेत हस्तक्षेप हुनजाने हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्दैन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल माघ २१ गते रोज ४ शुभम् ।

- ०७१-WO-००४७, बन्दीप्रत्यक्षीकरण, *माइला तामाङको हकमा शर्मीला तामाङ वि. महानगरीय प्रहरी वृत्त बौद्ध, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-WO-०६५७, उत्प्रेषण / परमादेश, *जगदीशप्रसाद पाठकसमेत वि. नीतादेवी पाठकसमेत*

रिट निवेदकहरूले निजहरूको नामको म्याद मिति २०५८।६।२६ मा तामेल हुँदा हाम्रा बाबु तथा बाजेलाई बुझाई तामेल गरिएको अवस्थामा रिट निवेदक जगदीशप्रसाद पाठक निजका बाबु अवधेशप्रसाद पाठकसँग मानो छुट्टी अलग बसेको थिएँ भन्ने दाबी

लिए तापनि निजले बाबुसँग मानो छुट्टिएको प्रमाणित हुने कुनै पनि लिखत रिट निवेदन दर्ता गर्दा पेस गरी बाबुसँग छुट्टी भिन्न भएको पुष्टि गर्न सकेको देखिँदैन। मानो छुट्टी भिन्न नभएको र कानूनबमोजिम अंशबन्डा भई अलग भिन्नसमेत नबसी बाबु छोरा एकै घरका जहान भै सँगै बसी आएको अवस्थामा छोरा नातिका नामको म्याद एकाघरका बाबु तथा बाजेले सहीछाप गरी स्थानीय २ जना मानिसहरूसमेत साक्षी राखी बुझी लिएको अवस्थामा उक्त म्याद अ.बं. ११० नं. को कानूनी व्यवस्थाअनुरूप रीतपूर्वक तामेल भएको देखिन्छ। यसरी यी रिट निवेदकहरूका नाममा मिति २०५८।६।२६ मा तामेल भएको म्याद निजहरूका एकासगोलका बाबु बाजे अवधेशप्रसाद पाठकले आफ्नै हस्ताक्षरबाट बुझी लिएको र सो हस्ताक्षरलाई निवेदकले आफ्नो बाबु बाजेको होइन भनी जिकिर लिनसमेत सकेको नदेखिँदा निजहरूका नाममा तामेल भएको उक्त म्याद मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिम रीतपूर्वककै देखिँदा निवेदन मागबमोजिम बदर गर्नुपर्ने देखिन नआउने।

निवेदकहरूका नाममा मिति २०५८।६।२६ मा तामेल भएको म्याद मिति २०६७।६।२६ मा तामेल भएको म्याद मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिम रीतपूर्वक नै तामेल भएको देखिँदा नवलपरासी जिल्ला अदालत र पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०६७।६।४ र २०६७।९।१ मा भएको आदेश कानूनसम्मत रहेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल माघ ५ गते रोज २ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-CR-०७२०, जिउ मास्ने बेच्ने, *नेपाल सरकार वि. राजन दमाई भन्ने राजेन्द्र परियार*

मौकामा बुझिएका दुर्गा अधिकारी र श्रीराम अधिकारीसमेतको मिलेमतोमा निज जाहेरवालाहरूलाई भारतमा लगी बिक्री गरेको विश्वास लाग्छ भनी लेखाइसमेत दिएकामा राजन दमाई भन्ने राजेन्द्र परियारले अभियोग दाबीमा उल्लेख भएबमोजिम कसुर गरेको होईन ४, ५ दिन यातना दिई पिटी तयार गरेको कागजातमा सहिछाप गराई अभियोग लगाएको हो मैले कुनै कसुर गरेको छैन भनी सुरू अदालतमा इन्कार रही बयान गरे तापनि यातना दिई पिटी तयार गरेको कागजातमा सहिछाप गराएको व्यहोरा प्रमाणित हुने कुनै तथ्ययुक्त आधार निज प्रतिवादीले पेस नगरेको अवस्थामा अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयानसमेतलाई प्रमाणमा लिन मिल्ने।

अदालतबाट जारी भएका म्यादमा निज प्रतिवादी उपस्थित भई आफ्नो जिकिर भनाई राख्ने अवसरसमेतलाई बेवास्ता गरी बसेका र जाहेरवालाहरूको किटानी जाहेरी दरखास्त एवम् बयान झुट्ठा हो भन्ने प्रमाण पुर्‍याउने भार प्रतिवादी माथि रहने अवस्था हुँदा सोबमोजिम आफू निर्दोष भएको कुनै वस्तुनिष्ठ प्रमाण गुजार्न सकेको देखिएन। जाहेरवालीहरूलाई विदेशमा लगी बिक्री गरेको देखिएकाले निज प्रतिवादीलाई जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) अनुसार सजाय हुने गरी भएको फैसला न्यायोचित देखिन आउने हुँदा अभियोग दाबीबमोजिम जीउ मास्ने बेच्ने

कार्य नियन्त्रण ऐन, २०४३ को दफा ८(१) अनुसार सजाय गर्नु पर्नेमा ऐ. ऐन,को दफा ८(२) अनुसार सजाय गर्ने गरेको काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादी राजन दमाई भन्ने राजेन्द्र परियारलाई उक्त ऐन, दफा ८(१) अनुसार १० वर्ष कैद र दफा ८(५) बमोजिम जाहेरवालीलाई बिक्री गरी लिए खाएको बिगो रू. ५,०००।- जरिवानासमेत हुने ठहर्‍याई भएको मिति २०६५।७।२८ गते पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल माघ ५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CI-१३४८, १३५६, परमादेश, *प्रदीप क्षेत्री वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत, यमलाल भुसाल वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (७घ) को कानूनी व्यवस्था र यस अदालतबाट माथि उल्लिखित नजिर सिद्धान्तहरू समेतबाट रिट निवेदकहरूलाई निवेदन मागबमोजिम स्तरवृद्धि भएको पदमा पदनाम दिई पदस्थापना गर्नु गराउनु भन्न मिल्ने अवस्था देखिएन। यस्तो अवस्थामा रिट निवेदकहरूको निवेदन खारेज हुने भनी पुनरावेदन अदालत, पाटनले गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७१ साल माघ १५ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CI-१०६५, नामसारी दर्ता, *जागेश्वर राय यादव वि. विरखीदेवीसमेत*

कैफियतमा लागेको ल्याप्चे सहिछाप यी पुनरावेदक वादीका पिता सुवाई रायको नभई कलर रायको छोरा सुवाई रायको सहिछाप हो भनी हस्ताक्षर जाँचबाट पुष्टि भएको छ । यी पुनरावेदकले आफ्नो हकभोगमा भएको अन्य स्पष्ट प्रमाणसमेत मिसिल संलग्न नदेखिएको अवस्थामा प्रस्तुत विवादको निर्क्यौलको एकमात्र आधार विशेषज्ञबाट जाँच भई आएको लिखितलाई मान्नुपर्ने हुँदा सो आधार नै जग्गाको सम्बन्धमा खम्बिर प्रमाण हुन आएकाले विवादित जग्गा यी पुनरावेदकको हो भनी मान्न मिल्ने देखिन नआउने हुँदा सर्लाही जिल्ला, सिमरा महिनाथपुर गा.वि.स. वडा नं. ३ कि.नं. १२० को जग्गाको श्रेस्ता प्रमाणबाट प्रत्यर्थीहरूको देखिएकाले यी पुनरावेदक/वादीको नाममा हक कायम गरी नामसारी दर्ता गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला उल्टी हुने ठहरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६६।९।२० गते भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । यी पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल वैशाख ८ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१३८८, किर्ते जालसाज, *नसिवलाल यादवसमेत वि. विष्णुदेव यादव*

पुनरावेदन अदालत, राजविराजको फैसलाउपर प्रतिवादीहरूको प्रस्तुत पुनरावेदन परेको र पुनरावेदनपत्रमा न्याय प्रशासन ऐन, २०४८

को दफा ९(१)(ग) बमोजिम पुनरावेदन गरेको भन्ने उल्लेख भएको देखिन्छ। यस अवस्थामा माथि गरिएको विश्लेषणअनुसार न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) को कानूनी व्यवस्थाअनुसार तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय **पच्चीस हजार रूपैयाँभन्दा कम** जरिवाना भएको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी गरेको अवस्थामा पुनरावेदन अदालतको उक्त फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने नदेखिँदा सुरू सिरहा जिल्ला अदालतले जालसाजी नठहर्‍याई दाबी खारेज गरेको र पुनरावेदन अदालतले सुरू फैसला उल्टी गरी जालसाजी ठहर्‍याई यी पुनरावेदक प्रतिवादीहरूलाई जनही रू.१५०।- का दरले जरिवाना हुने भनी पुनरावेदन अदालत, राजविराजबाट भएको सो फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को संशोधित व्यवस्थाअनुसार प्रतिवादीहरूको यस अदालतमा पुनरावेदन लाग्न सक्ने अवस्था नदेखिएकाले पुनरावेदन जिकिर सम्बन्धमा तथ्यमा प्रवेश गरी रहनु नपर्ने हुँदा प्रस्तुत पुनरावेदनपत्र खारेज हुने।

इजलास अधिकृत: खेमकुमारी बस्नेत

इति संवत् २०७२ साल असार १८ गते रोज ६ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-WO-०८०३, उत्प्रेषण, *श्यामसुन्दर चौधरी वि. बैद्यनाथ ठाकुरसमेत*

निवेदक श्याम सुन्दर चौधरीले बिगो मुद्दामा विवादित जग्गा र सोमा भएका सम्पूर्ण वस्तुहरूको जायजात तायदाती मुचुल्का, पञ्चकिर्ते मोलसमेतको टुङ्गो लागेपछि निज निवेदकको नाउँको जग्गाको लिलामी डाँक हुन लागेको अवस्थासम्मका सबै प्रक्रियाहरू स्वीकार गरी पटकपटक गरी रू. ४१,०००।– नगद रकमसमेत अदालतमा दाखिला गरेको अवस्था छ । निवेदकले जिकिर लिएजस्तो घर जग्गा, रूख विरूवासमेतको कम मूल्याङ्कन गरियो भनी निजले बिगो मुद्दामा जिकिर लिएको देखिँदैन। विवादित जग्गाको कम मूल्याङ्कन गरिएको अवस्थामा त्यसै बखत नियमपूर्वक उजुरी गर्नुपर्ने हुन्छ। तर, निवेदकले विपक्षीमध्येका बैद्यनाथ ठाकुरले निवेदकको जग्गाको डाक लिलाम सकार गरेपश्चात् मात्र घर जग्गा रूख विरूवासमेतको कुरा उठाई बिगो कम गरियो भन्ने जिकिर अब आई लिएको देखियो । तथापि, निवेदकको जग्गामा घर रूख बोटविरूवाको मूल्याङ्कन भएन कि भनी हेर्दा पनि निवेदकको कि.नं. २०२ को जग्गा पर्ति अवस्थामा देखिएको, कि.नं. २५४ मा बासको झाङ भई सो बाँससमेतको मूल्याङ्कन भई आएको पाइन्छ भने कि.नं. ५४५ को जग्गा नदीको किनारामा रहेकाले बालुवा भएको कारण उब्जनी हुन नसक्ने भनी उल्लेख भएको जग्गासमेतको मूल्याङ्कन भई आएको जायजात मुचुल्काबाट देखिँदा निवेदकले दाबी लिए जस्तो विवादित जग्गामा घर रूखविरूवा र बगैँचासमेत रहेको भन्ने भनाई पुष्टि हुन सकेन। निवेदकले रूख विरूवा घर, बगैँचा, रहेको भन्ने जिकिर लिए पनि त्यसलाई पुष्टि हुने प्रमाण पेस गर्न सकेको पाइँदैन । उक्त तथ्यगत सबुत प्रमाण बुझ्ने र मूल्याङ्कन हुने कार्य यस रिट निवेदनको क्षेत्रबाट हुन सक्ने पनि देखिन आएन। अड्डाबाट कानूनबमोजिम

हुने कुनै पनि प्रक्रियामा चित्त नबुझे तत्कालै सोही बखत त्यसका विरूद्धमा नियमपूर्वक आपत्ति जनाउनु पर्दछ । तत्काल भएको काम कारवाहीमा कुनै आपत्ति नजनाई र त्यसको आधारमा काम कारवाही अघि बढी अन्त भएकामा आफ्नो अनुकूल भएन भने पछि आई पहिलेको कारवाहीको कुरा उठाउन मिल्ने कुरा नहुने ।

निवेदकले जायजात मुचुल्का, पञ्चकिर्ते मुचुल्का मिति २०६७।२।२० मा डाँक लिलाम हुन लागेको जग्गाको न्यूनतम् मूल्य यकिन गरिसकेपछि विपक्षीलाई बुझाउनु पर्ने रकममध्ये मिति २०६७।८।२६ मा रू. २१,०००।– र मिति २०६७।१०।१३ मा रू. २०,०००।- अदालतको धरौटी खातामा देखिएको त्यस अवस्थासम्मको प्रक्रियागत काम कारवाही मूल्याङ्कनसमेतमा निवेदकको असहमति भएको देखिएको भनी मान्न नमिल्ने ।

निवेदकले बिगोको कारवाहीमा बाँकी रकम बुझाउने समय माग गरी समय पनि पाइ, डाक लिलामको काम अदालतबाट स्थगित भएको मिसिलबाट देखिन्छ । निवेदकले मूल्याङ्कनलाई विरोध नगरी विपक्षीलाई बुझाउनु पर्ने रकम बुझाउन पटक-पटक समय माग गरेको र अदालतले पनि दिँदै गएकामा डाक लिलाम हुने भनी तोकिएको दिनमा आई मूल्याङ्कन ठिक भएन भन्ने निवेदक जिकिरसँग सहमत हुन सकिएन । निवेदक स्वयम्ले बुझाउन कबुल गरेको अवधिभित्र बाँकी रकम दाखिला गर्न नआएपछि अदालतको जनआस्थासँग जोडिएको फैसला कार्यान्वयन जस्तो विषय लामो समयसम्म रोकी राख्न पनि उचित नहुने हुँदा अदालतबाट फैसला कार्यान्वयन गरिएको काम यथोचित नै रहेको देखिन आउने ।

निवेदकले विवादित जग्गाको जायजात मुचुल्का खडा गर्दादेखि पञ्चकिर्ते मूल्याङ्कन मुचुल्का हुँदाका अवस्थासम्मका कारवाहीलाई स्वीकार गरी विपक्षीलाई बुझाउनु पर्ने रकममध्ये पटकपटक गरी रू.४१,०००।- नगदै रूपमा अदालतमा दाखिला गरिसकेपछि जग्गा रूख विरूवाको कम मूल्याङ्कन गरिएको भन्नेसमेतका आधारमा मिति २०६७।६।२० को पञ्चकिर्ते मूल्याङ्कनको आधारमा मिति २०६८।२।२९ मा भएको डाक लिलाम, महोत्तरी जिल्ला अदालतको मिति २०६८।३।१७ को आदेश र सो आदेशलाई परिवर्तन नगरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।९।१४ को आदेश कानूनसम्मत र न्यायोचितसमेत देखिँदा मागबमोजिमको आदेश जारी गरिरहन परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: लोक नाथ पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ साल असार ३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-०५३२, निषेधाज्ञा, *रघुनन्दन प्रसाद साह वि. मो. इजराइल मियाँसमेत*

विधिवत् फौजदारी अपराधको विषयमा कसैको जाहेरी परेको अवस्थामा सोमा अनुसन्धान गरी मुद्दा चलाउने दायित्व र कर्तव्य सरकारको हुन्छ । पुनरावेदक विरूद्ध ठगीको उजुरी परिसकेपछि सोबाट कानूनबमोजिम हुने प्रवाहलाई अनावश्यकरूपमा रोक्नु न्यायोचित हुँदैन । पुनरावेदक निवेदकले त्यस्तो अनुसन्धान गर्ने निकायलाई विपक्षी बनाएको पनि देखिँदैन । निवेदकलाई अपहरण गरिने, जबरजस्ती कागज गराउने र निजको जीउधनको सुरक्षामा खतराको आशङ्का भए नागरिकको जीउधनको सुरक्षाको प्रत्याभूति गर्ने प्रथम अङ्ग सरकारको निकायमा उजुरी लिई जानुपर्ने हुन्छ । प्रहरी वा जिल्ला प्रशासन कार्यालयले सुरक्षा दिन इन्कार गरेमा वा

कुनै उपचार नदिएमा अनि मात्र निवेदकले उपचार अदालतबाट खोज्नुपर्ने ।

निवेदकउपर नै फौजदारी अपराधको आरोप छ र निवेदक प्रहरी प्रशासनमा नगई अदालतबाट निजलाई पक्रने कुरालाई निषेधित गराउन प्रयास गरेको देखिन आएको छ । आर्थिक व्यवहार र भौचरसमेतका विषयमा पुनरावेदक निवेदक र विपक्षीहरूबिच भएका के ठिक र के बेठिक भनी यस निवेदनबाट कुनै निर्णयाधार बनाउन सकिने अवस्था रहेन । तथापी निजहरूबिच आर्थिक कारोवार भएको देखिने ।

ठगीमा जाहेरी परेको तथ्यको रोहमा पुनरावेदनपत्रमा उल्लेख गरेबमोजिम प्रत्यर्थीहरूले पुनरावेदकलाई गैरकानूनी तवरले पक्राउ गरी जबरजस्ती कपाली तमसुक गराउने आशङ्काको स्थिति रहेको देखिन आएन । तसर्थ पुनरावेदकको निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको आदेश मिलेकै देखिन आउँदा सदर हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-११५९, निषेधाज्ञा/परमादेश, *तरूदीन शेख वि. देवेन्द्रकुमार यादव*

निवेदकले निवेदनमा उल्लेख गरेका जग्गाहरू गुठी संस्थानको भएकामा विवाद देखिँदैन । गुठीको जग्गाबाट हुने नियमित आम्दानीबाट धार्मिक कृत्य गर्नु पर्ने हुन्छ । यही परोपकारी उद्देश्यबाट जग्गा गुठीमा राखिने र गुठी जग्गाको संरक्षण गर्न गुठी संस्थान स्थापना भएको हो । गुठी संस्थानले आफ्नो अधीनमा रहेका जग्गाहरूमध्ये खास किसिमका जग्गाहरू तोकेका खास सर्तका आधारमा खास व्यक्ति वा संस्थालाई उपभोग गर्न दिन सक्दछ । निवेदनमा उल्लिखित जग्गाहरू उपभोग गर्न गुठी संस्थान शाखा कार्यालय, जनकपुरबाट विपक्षी उपेन्द्र ठाकुरसमेतले लिखित सहमति वा स्वीकृति लिएको पनि देखिएन । गुठी संस्थानको स्वीकृतिबिना विपक्षीहरूले घर बनाउन सक्ने र यी पुनरावेदकले अन्य विपक्षीहरूको घर बनाउने ठेक्का लिएको भन्ने लिखित जवाफबाट देखिन आयो । विपक्षीहरूले घर बनाई सकेको भनी लिखित जवाफ पेस गरेको भए तापनि सोको प्रमाण पेस गर्न सकेको मिसिलबाट देखिएन । पुनरावेदक तरूदीन शेषले अन्य विपक्षीहरू उपेन्द्र ठाकुरसमेतको घर निर्माण गर्ने कार्य जिम्मा लिएको भनी उल्लेख गरेको भए तापनि सोलाई निजले प्रमाणित गर्न सकेको देखिन आएन । मिसिल संलग्न कागजपत्रहरू अध्ययन गर्दा निवेदनमा उल्लेख भएका जग्गाहरूमा कुनै निर्माण काम सम्पन्न भएको पनि देखिन नआउने ।

पुनरावेदन अदालत, जनकपुरबाट जारी भएको निषेधाज्ञाको आदेशबाट अब उक्त जग्गामा निजको कुनै सरोकार नरहने भन्नलाई प्रतिकूल असर परेको भनी मान्न सकिने अवस्था रहेन । जग्गा आफ्नो होइन भन्ने घर पनि अर्काको लागि बनाएको सम्म भन्ने अनि घर नबनाउनु भनी निषेधाज्ञाको आदेश जारी हुँदा पुनरावेदन गर्ने कार्यबाटै पुनरावेदकको विवादको जग्गामा घर बनाउने नियत रहेको देखिन आएकाले पुनरावेदकसमेतका नाउँमा जारी भएको निषेधाज्ञाको आदेश मिलेकै देखिन आउँदा गुठी संस्थान र सोका कार्यालय प्रमुखबाहेकका अन्य विपक्षीहरूका नाउँमा निवेदनमा उल्लेख भएको गुठी संस्थानअन्तर्गतका जग्गाहरूमा घर निर्माण नगर्नु नगराउनु भनी पुनरावेदक विपक्षीसमेतका नाउँमा निषेधाज्ञाको आदेश जारी

हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।३।१९ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-WO-०४४९, उत्प्रेषण, *हजरा खातुन वि. मोहम्मद गनीसमेत*

सगोलमा रहेका अंशियारहरूमध्ये कुनै अंशियारले आफूखुसी ऋण लगाएको रहेछ भने उसकै अंश भागबाट धनिले ऋण असुल गराई लिन पाउने र अन्य अंशियारको सम्पत्तिबाट भराउन नसक्ने भन्ने नै लेनदेन व्यवहारको ८ नं. को कानूनी व्यवस्थाको मर्म र भावना हो। सोही कानूनी व्यवस्थाअनुरूप पुनरावेदन अदालत राजविराजले ईश्लाम मियाको अंश भागको सुरजी कुजरनीका नामको सम्पत्तिबाट मोहमद गनीले बिगो भराई लिन पाउने अर्थ गरी रोक्काको आदेश गरेको देखिन्छ। लेनदेनको बिगोको हकमा मोहमद गनीले सुरजी कुजरनीको अंश हकको अन्य सम्पत्तिबाट असुलउपर गर्न सक्ने नै हुँदा अन्य अंशियारको अंश हक लाग्ने सम्पत्तिबाट भराउन मिल्ने देखिँदैन। ऋणको दायित्व को कसले बहन गर्ने हो भन्ने सम्बन्धमा अंश मुद्दाको मिलापत्रको व्यहोराबाट स्पष्ट भइसकेको र लेनदेन व्यवहारको ८ नं. प्रतिकूलमा ऋणमा छुट्टि भिन्न भइसकेका अंशियारा ईश्लाम मियाँको अंश हकको सम्पत्तिबाट असुलउपर गर्न मिल्ने नदेखिने।

माथि विवेचना गरिएका आधार र कारणहरूबाट मुल ऋणीले मिति २०६०।१।२४ मा मिलापत्र गर्दा मिलापत्रको व्यहोरामा आजसम्म जो जसले जो जसबाट लेनदेन कारोवार गरेको छ उसैले व्यहोर्ने भन्ने शब्द परेको र मूल ऋणी सूर्य कुजर्नीले नै ऋण खाएकामा निजको नाममा रहे भएको सम्पत्तिबाट मात्र भरीभराउ गर्नुपर्नेमा मिति २०६०।१।२४ को मिलापत्रविपरीत ऋण नखाएको ईस्लाम मियाँको हकमा समेत ऋणको दायित्व बहन गर्ने गरी गरिएको आदेशमा लेनदेनको ८ नं. समेतको प्रतिकूल देखिँदा मिति २०७०।४।१९ को पुनरावेदन अदालत, राजविराजको आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०६६९, कर्तव्य ज्यान, *भरतलाल श्रेष्ठ वि. नेपाल सरकार*

वारदातको पृष्ठभूमि हेर्दा मृतक टेकेन्द्र प्रसाद जोशी र निजको पत्नीबिच झैझगडा भएको अवस्थामा प्रतिवादी भरतलाल श्रेष्ठ मृतकको घर होटलमा पुगेकामा मृतक र यी पुनरावेदक प्रतिवादीबिच विवाद भै यी पुनरावेदक प्रतिवादीले रिसको आवेगमा काठको चिरपटले मृतकको टाउकामा हिर्काउँदा सोही चोटका कारण मृत्यु भएको भन्ने देखिन्छ। कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै कार्य गर्दा मानिस मर्न गएको अवस्थामा मात्र मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ नं. को कानूनी

व्यवस्था आकर्षित हुने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी भरतलाल श्रेष्ठले काठको चिरपटले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा टाउकामा लागेको चोटको कारण मृतक टेकेन्द्रप्रसाद जोशीको मृत्यु भएको देखिँदा प्रस्तुत मुद्दाको वारदातलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ नं. बमोजिम भवितव्य ठहर गर्न मिल्ने नदेखिने हुँदा प्रतिवादी भरतलाल श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद हुने ठहर्‍याई सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, दिपायलबाट मिति २०६९।५।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल वैशाख ७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०१३३, निषेधाज्ञा / परमादेश, *नेपाल विद्युत् प्राधिकरण, वीरगन्ज वितरण केन्द्रको तर्फबाट अख्तियारप्राप्त भई आफ्नो हकमासमेत त्रिपुरारीप्रसाद साह वि. सरीताकुमारी सिंह*

निवेदकले उपभोग गरेको बिजुली महसुल वा अन्य शुल्क, दस्तुरसमेत निवेदकले तिर्न बुझाउन बाँकी रहेको नदेखिएको हुँदा निवेदकको नाउँको विद्युत् लाइन काटन मिल्ने देखिँदैन । विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ को दफा ९ ले विद्युत् लाइन काट्न सकिनेसम्बन्धी व्यवस्था गरेको देखिन्छ । उक्त दफाअनुसार हेर्दा पनि सोही ऐनको दफा ९ बमोजिम विद्युत्सम्बन्धी कसुर गरेको अवस्थामा वा निर्धारित समयभित्र महसुल नबुझाएमा मात्र लाइन काट्न सकिने व्यवस्था छ । निवेदकले विद्युत्सम्बन्धी कसुर गरेको भन्ने लिखित जवाफ नदेखिएको, महसुल बाँकी रहेको भन्ने अवस्थासमेत नदेखिएको हुँदा विद्युत् प्राधिकरण वीरगन्ज वितरण केन्द्रबाट निवेदकको घरमा जडान भएको लाइन काट्ने कार्य विधिसम्मत् भएको देखिन आएन । उपरोक्त सबै विनियमको व्यवस्थाअनुसार विद्युत् चोरीसमेतको अपराधमा संलग्न रहेको र विद्युत् प्राधिकरणलाई तिर्नु बुझाउनु पर्ने विद्युत् महसुल, क्षतिपूर्ति, अतिरिक्त महसुल दस्तुर आदि नतिर्ने नबुझाउने ग्राहकको हकमा आकर्षित हुने व्यवस्था छ । निवेदकले त्यस्तो कुनै रकम तिर्न बुझाउन बाँकी रहेको भन्ने नदेखिएको अवस्थामा निवेदकको विद्युत् लाईन काटेको कुरा कानूनसङ्गत देखिन नआउने ।

विद्युत् वितरण विनियम, २०५५ को समग्र व्यवस्था हेर्दा पनि कालो सूचीमा परेको व्यक्तिसँग जग्गा खरिद गर्ने अन्य व्यक्तिलाई पनि कालो सूचीमा समावेश गर्न नमिल्ने वा त्यस्तो जग्गा दाताको दायित्व खरिदकर्तालाई व्यहोर्नु पर्ने भन्ने कानूनी आधार नहुँदा र एकाले उपभोग गरेको विद्युत् महसुल वा सोको बक्यौता अर्को उनाउ व्यक्तिसँगबाट असुलउपर गर्न नमिल्नेसमेत हुँदा सो बक्यौता असुलीका निमित्त निवेदकको नाउँमा जडान भएको विद्युत् लाइन काट्नु न्यायसम्मत नहुँदा आर.के. प्लास्टिक इन्डस्ट्रिजका नाउँको पुरानो बाँकी बक्यौता विद्युत् महसुल यी निवेदकबाट असुलउपर गर्न हामीले चाहेको होइन छैन भनी प्रत्यर्थी नं. १ र २ ले लिखित जवाफ दिएको भन्ने आधारमा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी नहुने र निवेदकको नाउँमा जडान भएको विद्युत्को महसूल दस्तुर भाडासमेत निवेदकले नबुझाएको भन्ने अवस्था नदेखिँदा निवेदकको नाउँको विद्युत्को लाइन काटनुपर्ने अवस्था नहुँदा काटिएको विद्युत् लाइन जोडी

दिई सेवा सुचारू गर्नु गराउनु भनी विपक्षीहरू नेपाल विद्युत् प्राधिकरण वीरगञ्ज वितरण केन्द्र, वीरगञ्ज र ऐ. का केन्द्र प्रमुखका नाउँमा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।२।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल जेठ १२ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०८१२, कर्तव्य ज्यान, *रामचन्द्र श्रेष्ठ वि. नेपाल सरकार*

संयम गुमाएको (Loss of Control) वा आवेश प्रेरित हत्या (Provocational Homicide) हो भनी आंशिक प्रतिरक्षा (Partial Defence) को दाबीमा रीस प्रेरक (Anger Trigger) को कारण घटना घटेको हो भनी प्रतिरक्षा (defense) को दाबी गर्ने प्रत्यर्थी (Defendant) ले रीस आवेशमा आउनुको न्यायोचित भावको कारण (Justifiable sense of reason) देखाउन सक्नु पर्ने अर्थात् घटित घटना (Constituted circumtances) अत्याधिक गम्भीर व्यवहार (Extremely Grave or Seriously wrong Character) को कारण घटेको हुनु पर्ने। सहन सकिने र आत्म नियन्त्रण गर्न सकिने श्रेणी (Degree of Tolerance and Self-restraint) का सामान्य शब्दहरू वा कार्य (General words and deeds) मात्रका आधारमा सहन नसक्ने गरी रीस आवेशमा आएको र आत्मनियन्त्रण गुमाएको भनी मान्न नसकिने हुँदा प्रतिरक्षाको आधार बन्न नसक्ने।

घरव्यवहारका सामान्य विषयमा आमाछोराबिच भनाभनसम्म भएकै कारणले आफूलाई जन्मदिने आमालाई मारेको घटनालाई रिसाएको कारणले भएको हत्या (Homicide caused by Fury) सम्म मान्न सकिए तापनि आवेश प्रेरित हत्या (Homicide caused by Provocation/ Loss of control) ठहर हुन सैद्धान्तिकरूपमा निश्चित गएका तत्त्व आवश्यक पर्ने हुँदा प्रस्तुत वारदातमा आवेशप्रेरित हत्या ठहर गर्न सकिने तत्त्व नदेखिने।

वारदात अघिल्लो दिन राति भएकामा यी पुनरावेदकले आफ्ना दाजुलाई भोलिपल्ट बिहानमात्र खबर गरेको देखिएको र वारदातभन्दा १/२ दिन अगाडीदेखि प्रतिवादी र मृतकबिच झगडा भएको भन्ने जाहेरवालाको भनाइलाई पुनरावेदक प्रतिवादीले खण्डन गर्न नसकेको र माथी उल्लेख भएबमोजिम आवेशप्रेरित हत्या नठहरी बारम्बार भै रहने झगडासमेतको कारण रिसको झोंकमा कर्तव्य गरी मारेको ठहरेको हुँदा यी पुनरावेदक प्रतिवादीको कर्तव्यबाट सुन्तली श्रेष्ठको मृत्यु भएको भनी ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी सुरू नुवाकोट जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब देखिन आउने।

सुरू नुवाकोट जिल्ला अदालतबाट प्रतिवादी रामचन्द्र श्रेष्ठलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्म कैदको सजाय तोकी अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुन राय व्यक्त गरिएको मिति २०६८।११।२९ को फैसला रायसहित सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।७।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक

प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०९०२, नामसारी निर्णय बदर अपुताली हक कायम दर्ता, *रेखा गिरी वि. इन्दिरा गिरी*

मुल दाताको हक नै शुन्यको स्थितिमा पुगेपछि शुन्यबाट सृजित लिखतले वैधता प्राप्त गर्न सक्ने स्थिति नहुँदा वादी दाबीको मिति २०५६।४।१६ र ऐ. ३० गते भएको नामसारी दर्ता कानुनविपरीत हुनुका साथै मिति २०५६।९।१६ को पारित बन्डापत्रलगायत हालै देखिको बकसपत्र र राजीनामा लिखतले समेत वैधता प्राप्त गर्न नसक्ने हुँदा वादी दाबीका लिखतहरू बदर गर्ने गरी गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसलालाई अन्यथा भन्न नसकिने ।

पुनरावेदन अदालत, तुलसीपुरबाट अपुताली पाउने हक वादीमा निर्विवाद रहे भएको देखिँदा वादी दाबीको जग्गा नामसारी निर्णय बदर भई वादीको हक कायम हुने ठहराई मिति २०६९।३।३१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृतः रामप्रसाद पौडेल
कम्प्युटर: विदुषी रायमाझी
इति संवत् २०७२ साल असार १३ गते रोज १ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-०९०७, बन्डापत्र लिखत दर्ता बदर दर्तासमेत, *रेखा गिरी वि. इन्दिरा गिरी*
- ०६९-CI-०९०८, राजीनामा लिखत दर्ता बदर दर्ता, *रेखा गिरी वि. इन्दिरा गिरी*
- ०६९-CI-०९०९, निर्णय दर्ता बदर अपुताली हक कायम, *रेखा गिरी वि. इन्दिरा गिरी*
- ०६९-CI-०९१०, हालैको बकसपत्र लिखत दर्ता बदर दर्ता, *रेखा गिरी वि. इन्दिरा गिरी*
- ०६९-CI-०९११, नामसारी निर्णय बदर अपुताली हक कायम, *रेखा गिरी वि. इन्दिरा गिरी*

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०९३८, लिखत बदर दर्ता, *चनरज्योति चौधरी वि. बासमती चौधरीसमेत*

मिति २०६४।१२।५ मा मालपोत कार्यालयबाट पारित रीतलाल तथा भालु चौधरीबिचमा भएको बन्डापत्रमा "........... हामी घरसारैमा बसी राय सल्लाह छलफल गरी चल सम्पत्ति २०६४ वैशाख १ गतेका दिन बाँडफाँड गरी चुल्हो मानो भात भान्सा अलगअलग गरी भिन्न भै बसी अचल सम्पत्ति सगोलमा राखी आएकामा अचल सम्पत्तिको पनि बाँडफाँड गरी लिनु भनी सल्लाह हुँदा अरू कसैलाई कुनै ..........." भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । उक्त पारित बन्डापत्रको व्यहोरामा मिति २०६४।१।१ गतेका दिन चुलो मानो भात भान्सा अलग अलग गरी भन्ने व्यहोरा उल्लेख गरेको देखिँदा बन्डापत्रमा उल्लिखित मिति २०६४।१।१ लाई नै मानो छुट्टिएको मिति कायम गर्नु पर्ने देखिन आउने ।

पुनरावेदक वादीको पति पिता रीतलाल नै निजहरूको सम्पत्तिको स्रोत भएको अवस्थामा पुनरावेदक वादीहरूले आफूहरूलाई उक्त बन्डापत्र थाहा जानकारीबिना भएको हो भन्न सक्ने व्यवहारिक एवम् कानूनी आधार देखिँदैन । वतहु चौधरीको दुई छोरा रीतलाल र भालु चौधरी बिचमा भएको बन्डापत्र

कानूनीरूपमा मालपोत कार्यालयबाट पारित भएको अवस्थामा सो बन्डापत्र हाम्रो थाहा जानकारीबिना भएको हो भनी जिकिर लिँदैमा हुने नभई व्यवहार प्रमाण तथा कानूनद्वारा सिद्ध हुन आउने।

बन्डापत्र गरी विधिवत्‌रूपमा अख्तियार प्राप्त निकायबाट पारित गराई मिति २०६४।१।१ देखि मानो छुट्टि भिन्न भैसकेको कुरा बन्डापत्रबाट स्पष्टरूपमा देखिई रहेकामा पुनरावेदक वादीहरूले रजिस्ट्रेसनको १ नं. को प्रतिकूल छ भनी लिएको जिकिर आफैँमा खण्डित देखिन्छ । त्यस्तै पुनरावेदकहरूले जिकिर लिएको ने.का.प. २०४५ अंक ९, नि.नं. ३५६७ को नजिरमा "कानूनले पारित हुनुपर्ने लिखत पारित भएको छैन त्यसबाट कसैको हकको स्रोत हुन नसक्ने" भन्ने नजिरको जिकिर लिए पनि दाजुभाइबिचमा भएको अंशबन्डा मिति २०६४।१२।५ मा पारित भएकोलाई पारित नभएको भनी अर्थ गर्न मिल्नेसमेत नदेखिने।

चुल्हो मानो छुट्टिएको मितिपछि खरिद तथा बिक्री गरेको व्यवहारलाई कानूनबमोजिम नै गरिएको मान्नु पर्ने देखिन आयो । स्त्री अंश धनको १ नं. मा ***"कन्या, सधवा वा विधवा स्वास्नी मानिसले आफ्नो आर्जनको चल अचल सम्पत्ति आफ्नो खुस गर्न पाउँछन्"*** भन्ने व्यवस्था रहेकामा प्रतिवादी बासमती चौधरीले रीतलाल र भालु चौधरीको छुट्टि भिन्नपश्चात् आफ्नो नाममा खरिद गरेका जग्गाहरू पोषन चौधरीलाई राजीनामा गरी हक हस्तान्तरण गर्न सक्ने नै देखिने हुँदा पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।७।२८ मा सुरू अदालतको फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहर्‍याई भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

इति संवत् २०७२ साल जेठ ५ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०१७०, उत्प्रेषण / परमादेश, *काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ कान्तिपथस्थित दि ओरिएन्टल इन्स्योरेन्स कम्पनी लिमिटेडको तर्फबाट अख्तियार प्राप्त ऐ. कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा. अजय गर्ग वि. रेवती चौधरी*

१५ वर्ष अधिक सेवा गरेकामा प्रति वर्षका लागि १ महिनाको तलब बराबर रकम निवेदकले भुक्तानी लिन पाउने र सञ्चित बिरामी बिदाबापत रकम पाउने भन्ने कानूनी व्यवस्था नभएकाले सोबापतको रकम नपाउने गरी भएको श्रम अदालतको निर्णयलाई बेमनासिब भन्न मिलेन। कम्पनीमा २२ वर्षसम्म जीवन व्यतीत गरी कम्पनीलाई सेवा पुर्‍याएबापत कम्पनीकै नियमावलीअनुसार सुविधा माग गर्न र पाउन सक्ने नै हुँदा बिदाबापतको रकम नपाउने गरी र उपदानबापत कम्पनीको निर्णयले उपलब्ध गराएकोभन्दा बढी रकमको सुविधा उपलब्ध गराउने गरी भएको श्रम अदालतको निर्णय कानूनसम्मत देखिन्छ । श्रम कार्यालयको निर्णयमा पुनरावेदनस्वरूपको फैसलामा उल्लिखित बुँदाहरूलाई नै प्रस्तुत टेकी रिट दिएको देखिएको र प्रत्यर्थीमध्येका रेवती चौधरी निवृत्तपश्चात् मृत्यु भैसकेको भन्ने देखिँदा मृतक व्यक्तिका विरूद्ध रिट निवेदन लेखी ल्याएकोसमेत पाइएकाले निवेदन मागअनुसार आदेश जारी गर्नुपर्ने देखिएन र प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः उमानाथ गौतम

इति संवत् २०७१ साल फागुन ३ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०४३५, लिखत दर्ता बदर

दर्ता कायम, *दिलीप भगत वि. मनोज भगतसमेत*

रामलखन भगतले कारणीको हैसियतले र निजको एकाघर सगोलकी पत्नी पार्वती देवी भगतले साक्षीको महलमा र अभिभावकको महलमा सहिछाप गरेको देखियो भने वादी दिलिप भगत आफ्नो बाबुसँग अंश मुद्दा गरी मिति २०५४।१।२५ मा मिलापत्रद्वारा अंश लिई छुट्टी भिन्न भई बसेको भन्ने पनि मिसिल संलग्न प्रमाण मिसिलबाट देखियो । यी पुनरावेदक वादी निजका पिता रामलखन भगतको होस गुमाएकाले र आफ्नो रोहबरमा खरिद बिक्री गर्न सक्ने भन्ने जिकिर लिए पनि निजको होस गुमेको भन्ने कुरा यी पुनरावेदकले पेस गरेको डाक्टरी जाँचको रिपोर्टबाट देखिँदैन । संलग्न CT Scan रिपोर्ट र उपचारसम्बन्धी अन्य रिपोर्ट हेर्दा रामलखन होस ठेगानामा नभएको भन्ने देखिन्न । मस्तिष्कको सबै भाग सामान्य भै रगत blood supply अवरोध भै Brain cell हरू मरेजस्तो भएको कारणले शरीरको देब्रे भाग weakness भई फिजिओथेरापी गराएको भन्ने कोशी अस्पतालको पुर्जीबाट देखिन्छ भने Paralysis भैसकेको भन्ने देखिँदैन । निज रामलखनलाई शारीरिक व्यायामका साथै Cycling पनि गराउने भन्ने पनि देखिन्छ तर जाँच रिपोर्टमा कतै पनि होस ठेगानामा नभएको भन्ने देखिँदैन । Paralysis बाट पीडित भएमा मानसिक तनाब हुनसक्ने तर होस गुमाउने भन्ने नहुने ।

Brain Hemorrhage भै Paralysis हुँदा राम्रो हवसमा नहुन पनि सक्छ तर निज रामलखनको Brain को अवस्था सामान्य भएको देखिएको र मिसिल संलग्न पेस भएका रिपोर्ट, प्रेसक्रिप्सन लगायतका कुनै पनि लिखतले पुष्टि गर्न सकेको अवस्था नदेखिएकाले कुनै व्यक्तिको होस गुमेको थियो भनी ठोस र चिकित्सासम्बन्धी वैज्ञानिक तथ्यबेगर अनुमान गर्न नसकिने हुँदा निज रामलखनको प्रत्यर्थी प्रतिवादीलाई जग्गा पारित गरिदिँदाको अवस्थासम्म होस ठेगानामा नै रहेको देखिन आयो । अन्य कारणले संरक्षक राख्नै पर्ने अवस्था भएको थियो भने पनि सरकारी निकायमा गै कानूनको रीत पुर्‍याई एकासगोलकी श्रीमती पार्वतीदेवी भगत साक्षी र संरक्षकको महलमा बसी सहिछाप गरेको राजीनामाको लिखतबाट देखिएको अवस्थामा अदालती बन्दोबस्तको २४ नं. को प्रक्रिया पनि पूरा भएकै मान्नुपर्ने देखियो । यस अवस्थामा निज रामलखनले आफ्नो हकभोगको जग्गा निजको एकासगोलकी श्रीमतीलाई साक्षी तथा संरक्षकको रोहबरमा राखी हक छाडी बिक्री गरेकालाई गैरकानूनी खरिद बिक्री भन्न नमिल्ने ।

पुनरावेदक वादी दिलिप भगत आफ्नो बाबुसँग छुट्टी भिन्न भई अलग बसेको भन्ने देखिएको र दाता रामलखनले हकवाला श्रीमतीलाई साक्षी राखी लिखत खडा भएको अवस्थामा अ.बं. २४ नं. प्रक्रिया पूरा नभई खडा भएको लिखत भन्ने पुनरावेदन जिकिरसित सहमत हुन सकिएन । रितपूर्वक पारित भएको लिखतलाई लिखत दर्ता बदर हुने गरी गरेको सुरू सुनसरी जिल्ला अदालतको मिति २०६६।३।२३ को फैसला उल्टी गरी दाबीको जग्गाको मिति २०६६।३।२१ र.नं. ६६११ पारित राजीनामाको लिखत कायम रहने ठहर्‍याई भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।१०।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६८-CI-०४३६, लेनदेन, *मु.स. गर्ने दिलीप भगत वि. मनोज भगत यसैअनुसार फैसला भएको छ ।*

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-१३०७, जबरजस्ती करणी, *नियाल सिंह भन्ने निहाल सिंह बुढाथोकी वि. नेपाल सरकार*

पीडितले मुद्दाको अनुसन्धानका क्रममा मलाई निहालसिंह बुढाथोकीले मिति २०६६।१२।९ गते साँझमा र त्यसपूर्व पनि पटकपटक करणी गर्ने गरेका थिए भनी लेखाएको व्यहोरालाई जिल्ला स्वास्थ्य कार्यालयको स्वास्थ्य परिक्षण नतिजासमेतले पुष्टी गरिरहेको अवस्थामा प्रतिवादीको अदालतसमक्षको इन्कारी बयान, प्रमाणबाट पुष्टि हुन नसकेको Abili को जिकिर र आफ्नो जाहेरी एवम् घटना विवरण कागजको व्यहोराको प्रतिकूल हुने गरी जाहेरवाला र पीडितले बकपत्र गरिदिएकै आधारमा मात्र प्रतिवादीलाई निर्दोष मान्न मिल्ने नदेखिने।

पीडितलाई प्रतिवादी निहालसिंह बुढाथोकीले नै जबरजस्ती करणी गरेको भन्ने तथ्य पीडितको मौकाको भनाई, जाहेरवालाको जाहेरी दरखास्त व्यहोरा राधा ठोकर तथा विजय तामाङसमेतको बकपत्रले पुष्टी गरेको र वारदातको दिन आफू सिन्धुलीमा नभई काठमाडौंमा रहेको भन्ने प्रतिवादीको इन्कारी बयान प्रमाणबाट पुष्टी हुन नसकेको अवस्था हुँदा आफूले अभियोग दाबीबाट सफाइ पाउनु पर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने हुँदा प्रतिवादीलाई अभियोग माग दाबीबमोजिमको कसुर अपराधमा जबरजस्ती करणीको ३ नं. को देहाय १ बमोजिम १२ वर्ष कैदको सजाय हुने र प्रतिवादीबाट पीडितले दुई लाख रूपैयाँ क्षतिपूर्ति भरी पाउने ठहर्‍याई सुरू सिन्धुली जिल्ला अदालतबाट भएको फैसला क्षतिपूर्तिको हकमा सदर गर्ने गरी र कैद वर्ष १२ को सजाय हुने ठहर गरेको हदसम्म उल्टी गरी प्रतिवादीलाई कैद वर्ष १० (दश) हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।८।७ को फैसला मिलेकै देखिँदा ठहर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल असार ७ गते रोज २ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०३९५, अदालतको अवहेलना, *नेपाल मलाह संघका केन्द्रीय अध्यक्ष आनन्दीलाल मुखिया वि. जिल्ला विकास समितिको कार्यालय सप्तरी*

लिखित जवाफ नपरेसम्मका लागि अन्तरिम आदेश जारी भएको सो अवधिभित्र विपक्षीहरूबाट अवहेलनाजन्य कार्य नभएको भन्ने पुनरावेदन अदालत, राजविराजको ठहर रहेकामा सो अवधिभित्रै विपक्षीहरूबाट अन्तरिम आदेशको अवज्ञा भै अदालतको अवहेलना गर्ने काम भयो भन्नेतर्फ पुनरावेदकले आफ्नो पुनरावेदनपत्रमा जिकिर लिन सकेको र तत्सम्बन्धी प्रमाण गुजार्न सकेको देखिँदैन। कुनै पक्षले प्रतिवाद नगरेको कारणबाट स्वतः अवहेलना ठहर्ने अवस्था हुँदैन। अतः विपक्षीहरूबाट अदालतको अवहेलना भएको भन्नेतर्फ पुनरावेदकले सबुद प्रमाण गुजार्न नसकेको आधारमा पुनरावेदकको निवेदन जिकिर पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।७।२७ को

फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमिल्सेना

इति संवत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-१६४६, हातहतियार खरखजाना, *जिल्ला प्रहरी कार्यालय, सिराहाका प्र.स.नि. चन्द्रबहादुर योगीको प्रतिवेदनले नेपाल सरकार वि. गंगाराम यादव*

२०६६।१२।१५ गते राती ८:१५ बजेको समयमा सिराहा नगरपालिका वडा नं. ७ मैसोथा जाने कच्ची सडक बाटोमा प्रतिवादी गंगाराम यादवबाट ह्याण्ड ग्रिपमा सेतो रहेको स्टिल पाता सेट गरेको कट्वा पेस्तोल थान एक र राइफलमा फिट हुने गोली २ राउण्ड फेला परेको भन्ने बरामदी मुचुल्का र प्र.स.नि. चन्द्रबहादुर योगीको प्रतिवेदन मिसिल संलग्न देखिए पनि बरामदी मुचुल्कामा प्रतिवादी गंगाराम यादवको सहिछाप रहेको पाइँदैन । त्यसबाहेक मौकामा कागज गर्नेहरूले अदालतमा उपस्थित भै बकपत्र गर्न सकेको पनि पाइँदैन । त्यसरी पुष्ट्याँइ नगरेसम्म मौकाको कागजलाई प्रतिवादी विरूद्ध प्रमाण लिनु प्रमाण ऐन, २०३१ को दफा १८ विपरीत हुनुका अतिरिक्त फौजदारी न्यायको मान्य सिद्धान्तसमेत विपरीत हुने ।

प्रतिवादीले अदालतबाहेक अन्यत्र व्यक्त गरेको बयान आदि भनाई स्वतन्त्र प्रमाणबाट समर्थित हुनु पर्ने समर्थित हुन नसके शङ्काको अवस्था उत्पन्न हुने त्यस अवस्थामा मौकाको बयान प्रतिवादी विरूद्ध प्रमाण नलाग्ने र शङ्काको सुविधा प्रतिवादीले पाउने भन्ने फौजदारी न्यायको अर्को मान्य सिद्धान्त रही आएको र सोही आधारमा प्रतिवादीको मौकाको बयानको मूल्याङ्कन हुने गरेको कुरा यस अदालतका विभिन्न फैसलाहरूबाट पुष्टि हुन्छ । प्रमाण ऐन, २०३१ को दफा ९, १८ र २५ को आधार पनि सोही सिद्धान्त देखिन्छ । उक्त ऐनको दफा २५ ले अभियुक्तको कसुर निर्विवाद तवरबाट प्रमाणित हुनु पर्ने र सो भार वादीले पूरा गर्नुपर्ने भनी व्यवस्था गरेको परिप्रेक्ष्यमा वादीका साक्षीले वारदातको समर्थन गरी अदालतमा बकपत्र गर्न सक्नु पर्नेमा निजहरू कसैलाई पनि वादीले अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेको देखिँदैन । यसबाट प्रस्तुत अभियोगदाबी पूरै शङ्कामा आश्रित रहन पुगेको छ । अनुमान र शङ्कामा भर गरी कसैलाई पनि कसुरदार ठहर गर्न नमिल्ने हुँदा जिल्ला प्रशासन कार्यालय, सिरहाको मिति २०६८।७।२८ को फैसलालाई उल्टी गरी प्रतिवादीले अभियोग दाबीबाट सफाई पाउने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।८।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमिल्सेना

इति संवत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-०७२३, भ्रष्टाचार, *धनन्जय खड्का वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत नारायणराज तिमिल्सिनाको प्रतिवेदनले नेपाल सरकार*

पुनरावेदक प्रतिवादी मौकामा रूजु हाजिर रही अनुसन्धानलाई सहयोग गरी निर्दोषिताको प्रमाण पेस गर्नु पर्नेमा मौकामा फरार भै सो दायित्वबाट चुकेको देखिन्छ । यी पुनरावेदक भनेको कुनै सामान्य

नागरिक होइनन् । न त यिनले आफूलाई अपराधी नै मानेका छन् । प्रहरी हवल्दार जस्तो जिम्मेवार पदमा बस्ने यी पुनरावेदकले मौकामा आफ्नो सफाइप्रति कुनै जागरूकता नदेखाउनु यिनको विरूद्धमा जाने देखिन्छ । प्रतिवादीले अदालतमा उपस्थित भै बयान गर्दा जवाफ ८ मा उल्लिखित विवरण मैले आजदेखि पाएँ । विवरणमा मेरो नाम, जन्म मिति किन र कसरी गोलो लगाइयो मलाई थाहा छैन ...मैले S.L.C उत्तीर्ण गरेको भारतको सीमान्त इन्टर कलेजमा गै बुझ्दा उक्त संस्थाले तपाई S.L.C उत्तीर्ण गरेको हो भनी उक्त कलेजको पत्राङ्क ३२५/१३ दिनाङ्क १६।०९।२०१३ को पत्रसमेतको विवरणहरू लेखी दिएको छ । ...उल्लिखित उच्च माध्यमिक शिक्षा परिषद्, भक्तपुरको पत्रसाथको विवरण कसरी आयो... मैले S.L.C उत्तीर्ण भएको प्रमाणपत्र सक्कलै आज पेस गरेको छु । पुनः प्रमाणीकरणको लागि सम्मानित अदालतबाट आदेश गरिपाउँ भनी, जवाफ ११ मा आज साक्षी पेस गरिरहन आवश्यक देखिन साथै मैले S.L.C उत्तीर्ण गरेको ठीक हो भन्ने विवरणसहितको पाना ३ को प्रमाण कागज आज यस बयानकै क्रममा पेस गरेको छु । यसैका आधारमा प्रमाणीकरणको आदेश गरिपाउँ... भनी बयान गरेको सोबमोजिम नै मिति २०७०।६।१४ मा सो विवरणमध्ये कुन सत्य हो जो जहाँ बुझ्नु पर्ने हो बुझी यकिन जवाफ पठाउनु भनी दुवै पत्रको प्रतिलिपिसमेत साथै राखी उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरलाई लेखी पठाई भनी उल्लेख भएको सो आदेश पुनरावेदककै मागबमोजिम भएको देखिन्छ । उक्त आदेशमा यी पुनरावेदकले मौकामा कुनै आपत्ति गर्नु भएको देखिँदैन । त्यसपछि निवेदकको पक्षमा फैसला नभए पछिमात्र यी निवेदकले प्रस्तुत विवाद खडा गरेकालाई उचित मान्न नमिल्ने ।

निवेदनसाथ पेस गरेको प्रमाणपत्र सद्दे साँचो व्यहोराको भएकाले त्यसले मान्यता पाउनु पर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकिरको सवाल छ विशेष अदालत, काठमाडौंले यस्तो मुद्दामा प्रमाणीकरणको विवादको निरोपणको लागि उच्च माध्यमिक शिक्षा परिषद्बाटै यथार्थ बुझ्ने गरेको एउटा निरन्तरको परिपाटी नै बसेको देखिन्छ । यस्तोमा आपराधिक दायित्वबाट बच्न यी प्रतिवादीले पछिबाट आफ्नो पहलकदमीमा कहिँकतैबाट आफ्नो पक्षमा ल्याएको जवाफबाट सम्बन्धित माध्यमिक शिक्षा परिषद्को जवाफ व्यहोरा अन्यथा हुने देखिँदैन । यसमा विशेष अदालतको आदेशबमोजिम क्षेत्रिय कार्यालय, वारणसी पत्राङ्क १४२७ दिनाङ्क ११।१२।२०१३... "परीक्षार्थीको नाममा PARUL SRIVASTAVA न कि धनन्जय खड्का" प्राप्ताङ्क २९८।६०० न कि ३३०।६०० भनी पठाएको जवाफ पुनरावेदकको विपक्षमा किन गयो त्यसको सन्तोषजनक कारण पुनरावेदकबाट आउन सकेको छैन । यसरी एक विधिसम्मत निकायले आधिकारिकरूपमा पठाएको जवाफमा उल्लेख भएको कुरा ग्रहण नगरी पुनरावेदकले निजी तवरबाट पहल गरेर ल्याएको जवाफलाई भर गर्नु पर्ने अवस्था नहुने ।

विशेष अदालतबाट भएको फैसला हतारपूर्वक भएको कुरा उक्त फैसलाको तपसिल खण्डमा "तेह्रथुम जिल्ला अदालत" भनी उल्लेख भएको व्यहोराबाट समेत प्रष्ट भएकाले विशेष अदालत, काठमाडौंको फैसला उल्टी हुनुपर्छ भन्ने थप जिकिरसमेत देखिन्छ । तर तपसिल खण्डको व्यहोरा फैसलाको ढाँचागत व्यहोरा भएको त्यसको जिम्मा मूलतः फाँटवालाहरूकै हुने सो तयारी गर्ने काम पनि निजहरूकै हुने हुँदा तपसिल खण्डको गलत उल्लेखनबाट

हतारपूर्वक न्याय सम्पादन भयो, न्यायिक मनको प्रयोग भएन भन्नु उपयुक्त हुँदैन। साथै तपसिल खण्डको उक्त व्यहोराबाट ठहर खण्डको न्याय अदलबदल हुन सक्ने अवस्थासमेत नहुँदा पुनरावेदकको पछिल्लो पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रमाणपत्र सद्दे रहेकाले अभियोग दाबीबाट सफाई पाउँ भन्नेबाहेक प्रतिवादीको अरू पुनरावेदन जिकिर नरहेको र उल्लिखित प्रमाणपत्र झुट्टा देखिएको हुँदा प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको ठहराई ६ महिना कैद र रू.१०,०००।- (दश हजार) जरिवाना गरेको विशेष अदालत, काठमाडौंको मिति २०७१।३।६ को फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटरः चन्द्रा तिमिल्सेना

इति संवत् २०७२ साल असोज १८ गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०१३२, हक कायम गरी जग्गा निखनाई पाउँ, *कृष्णकुमार रिजाल वि. नगेन्द्रबहादुर कुँवर*

साबिक कि.नं. ६९ बाट कि.का. भई कि.नं. ३९४ र ३९५ कायम भई आएकामा कि.नं. ३९४ वादी पुनरावेदकको कान्छी श्रीमतीको अंशभाग जग्गा निजले आफूखुशी प्रतिवादीमध्येका नगेन्द्रबहादुर कुँवरलाई बेचविखन हक हस्तान्तरण गरेकामा सोउपर वादी पुनरावेदकले मलाई मर्का परेको मेरो जग्गाको सिँचाई गर्ने पानीको मुहान त्यही जग्गामा परेको सो पानी नभएमा मेरो कि.नं. ३९५ नं. को जग्गा नै बाझो रहने देखिन्छ, सो कुराको थप पुष्ट्याँई जिल्ला अदालतले खटाएको डोरमुचुल्काले त्यहाँको वस्तुस्थितिलाई प्रष्ट पारेकोसमेत भएकामा सोही आधारमा पुनरावेदन अदालत, हेटौंडाले फैसला गर्नुपर्नेमा सो नगरी उल्टी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसलाले मलाई मर्का परेको भनी वादीको पुनरावेदन जिकिर भए तापनि सन्धिसर्पन त्यसबेला मान्न सकिन्छ जब त्यो सम्पति ननिखनेमा गम्भिरतम असर पर्नुको साथै उत्पादनमा पनि ह्रास आउने सम्भावना रहेको हुन्छ। तर त्यस्तो स्थिति यसमा नदेखिएको केवल दाबीको जग्गामा वर्षामा फुट्ने मुलको कारणले मात्र सन्धिसर्पन पर्छ भनी दाबी लिएको देखिन्छ। वर्षायाममा मात्र फुट्ने अस्थायी प्रकृतिको मुलको पानी नै एकमात्र सन्धिसर्पनको आधार कारण हुन सक्ने भन्ने अर्थ गर्न मिल्दैन। सन्धिसर्पन परी निखनाई पाउनको लागि हकवाला हुनुपर्ने र सन्धिसर्पन परेको भनिएको जग्गा प्राप्त नभएमा आफ्नो जग्गा उपभोग गर्ने बाधा व्यवधान र कठिनाईसमेत पर्ने अवस्था हुनुपर्नेमा सो पनि यसमा देखिँदैन। अतः प्रस्तुत मुद्दामा वादी पुनरावेदकको पुनरावेदनमा उल्लिखित कि.नं. ३९४ को हक कायम गरी निखनाई पाउँ भन्ने मागदाबी कानूनअनुरूप नभएकाले दाबी नपुग्ने भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।१०।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असार १० गते रोज १ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०९६८, १२१८, जबरजस्ती करणी, *तुफान राई वि. नेपाल सरकार, नेपाल सरकार वि. तुफान राई*

योनीमा कुनै चोटपटक नलागेको भेजिनल स्वाव र पीडितको पेन्टीमा वीर्य फेला नपरेको हाइमन झिल्ली दुरूस्त नरहेको कुरा पीडितको स्वास्थ्य परीक्षणमा उल्लेख भएको हुनाले जबरजस्ती करणीको कसुर नभएको भनी प्रतिवादीतर्फका विद्वान् कानून व्यवसायीहरूको जिकिर रहेकामा यी प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेका हुन भनी पीडितले अधिकारप्राप्त अधिकारीसमक्ष कागज गरेको साथै सोही व्यहोरा मिलान सुरू अदालतमा बकपत्र गरिदिएको पाइन्छ । प्रतिवादीले आरोपित कसुर नगरेको भए निजलाई झुट्ठा पोल गर्ने कुनै तर्कसम्मत आधार प्रतिवादीद्वारा प्रस्तुत हुन सकेको कुरा मिसिलबाट देखिन आएको छैन। पीडितको स्तनमा डामहरू भएको कुरा निजको शारीरिक परीक्षणबाट देखिन आएकाले निजसँग जबरजस्ती करणी भएको तथ्य समर्थित भएको छ। सुरू अदालतमा आरोपित कसुरमा इन्कारी रहे पनि अधिकारप्राप्त अधिकारीसमक्ष भने प्रतिवादी स्तन समाई खेलाई बाटोको भित्तामा बसाई निजको योनी हातले छाम्दा पाइन्ट कट्टु खोलिएको अवस्थामा रहेकाले आफ्नो लिङ्ग पीडिताको योनिमा छिराउन खोज्दा लिङ्ग अति उत्तेजित भै वीर्य बाहिरै स्खलन भएको हो भनी बयान गरेको देखिन्छ। यसरी वीर्य योनी बाहिरै स्खलन भएबाट भेजिनल स्वाव र पेन्टीमा वीर्य फेला नपर्नुलाई अस्वाभाविक मान्न नसकिने।

प्रतिवादीलाई हुन सक्ने सजाय सम्बन्धमा विचार गर्दा पीडितको उमेर सम्बन्धमा जाहेरी दरखास्तमा १४ वर्ष उल्लेख भएको, इलाम अस्पताल, इलामको मिति २०६९।२।१६ को स्वास्थ्य परीक्षण प्रतिवेदनमा पनि १४ वर्ष नै उल्लेख भएको छ भने इलाम चमैता गाउँ विकास समितिको मिति २०६९।२।२३ को सिफारिसमा पनि पीडितको उमेर १४ वर्ष उल्लेख भए रहेबाट प्रतिवादी तुफान राईले वर्ष १४ कि पीडिता परिवर्तित नाम "घ" लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम कसुर अपराध गरेको पुष्टि हुन आएकाले निज प्रतिवादी तुफान राईलाई ७ वर्ष कैद र रू. २५,०००।– पीडितले क्षतिपूर्तिसमेत निज प्रतिवादीबाट भरिपाउने गरी पुनरावेदन अदालत, इलामका माननीय न्यायाधीशहरूले मिति २०७०।५।२३ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । आरोपित कसुरबाट सफाई पाउँ भनी पुनरावेदकको पुनरावेदन जिकिर र मुलुकी ऐन, २०२० जबरजस्ती करणीको महलको ३(२) बमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह

कम्प्युटर: प्रेमबहादुर खड्का

इति संवत् २०७२ साल भदौ १७ गते रोज ५ मा शुभम्।

## एकल इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ,** ०७२-WO-००२७, उत्प्रेषण / परमादेश, *सुशील ठकुरी वि. त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगञ्ज, काठमाडौंसमेत*

कुनैपनि सार्वजनिक निकाय वा संस्थाले आफ्नो संस्थाको उद्देश्य हाँसिल गर्न विद्यमान जनशक्तिको व्यवस्थापन सम्बन्धमा नीति निर्धारण गरी आवश्यकताअनुसार संस्थामा विद्यमान पदहरूको दरबन्दी समायोजन, पद मिलान तथा पदहरूको नामाकरण गर्न सक्नै नै हुन्छ । यसरी जनशक्ति

व्यवस्थापनका सम्बन्धमा भएको पदमिलान, समायोजन तथा नामाकरणसम्बन्धी निर्णयले संविधान प्रदत्त निवेदकको मौलिक हकमा आघात भएको मान्न नमिल्नुका साथै उक्त निर्णयलाई गैरकानूनीसमेत मान्न नमिल्ने।

निवेदक त्रिभुवन विश्वविद्यालयको प्रशासन सेवातर्फको कर्मचारी रहेको कुरा निजको निवेदन लेखबाट नै खुल्न आएको छ। सोही क्रममा निजलाई त्रिभुवन विश्वविद्यालय, कर्मचारी प्रशासन महाशाखा, कीर्तिपुरमा प्रशासन सेवामा काज सरूवा गरिएको कार्यबाट फरक सेवा वा समूहमा सरूवा गरिएको अवस्था पनि देखिन्न । त्रिभुवन विश्वविद्यालयले संस्थाभित्र रहेका विभिन्न सेवा समूहका पदमा बहाल रहेका कर्मचारीहरूलाई संस्थाको आवश्यकताअनुसार समयसमयमा सरूवा गर्ने कुरा संस्थाको कर्मचारी प्रशासनको नियमित प्रक्रिया मान्नुपर्ने हुन आउने।

प्रस्तुत निवेदनपत्रमा निवेदकले आफ्नो सरूवा हुने अवधि नै नपुगी सरूवा गरेको भनी दाबी गरेको अवस्था पनि होइन। निजले मेडिकल रेकर्डको पद विशेष प्राविधिक पद भई शाखा अधिकृत पदमा रूपान्तरण हुनै नसक्ने पद भनी दाबी गरेको पनि देखिन्न। निवेदकले केवल मेडिकल रेकर्डरको पदको रूपमा आफू शिक्षण अस्पतालको जरूरी कर्मचारी हुँ भनी दाबी गरेको पाइन्छ। कुनै पद कुनै संस्थाका लागि कति जरूरी हो भन्ने कुरा व्यक्तिले दाबी गर्ने विषय नभई सम्बन्धित संस्था वा निकायले भन्ने कुरा हो। यदि मेडिकल रेकर्डरको पद विपक्षी त्रि.वि. शिक्षण अस्पतालको लागि अत्यावश्यक भए सो सम्बन्धमा उक्त निकायले सम्बन्धित निकायमा आवश्यक पहल तथा कानूनी कारवाही गर्न सक्ने नै हुँदा निवेदकको माग दाबी औचित्यहिन देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु नपर्ने अवस्था प्रथम दृष्टिबाट नै देखिन आएकाले विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इति संवत् २०७२ साल साउन १५ गते रोज ६ शुभम्।

- यसै प्रकृतिको ०७२-WO-००२६, उत्प्रेषण / परमादेश, *रामकुमार कार्की वि. त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौंसमेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७२-WO-०३७८, उत्प्रेषण / परमादेश, *विजेन्द्रलाल जोशी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

निवेदनमा उल्लेख भएअनुसार पृथ्वीनारायण शाह नेपालको सन्दर्भमा ऐतिहासिक पुरूष रहेको भन्ने कुरामा विवाद गर्ने ठाउँ नभए पनि उहाँको जन्मदिनलाई के कुनरूपमा मनाउने वा नमनाउने सो मितिमा बिदा दिने नदिने भनी निर्णय गर्ने कुरा नेपाल सकारको अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । यसको अतिरिक्त जन्मदिनमा बिदा हुने नहुनेसम्बन्धी कुरा नेपालको संविधानमा व्यवस्था गरिएअनुसारको मौलिक हकअन्तर्गत पर्ने विषयसमेत देखिन आउँदैन । त्यसकारण नेपालको संविधानको धारा १३३(२) र (३) अनुसारको मौलिक हक सम्बन्धमा यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्र प्रयोग गरी रिट जारी गर्नु पर्ने विषयसँग प्रस्तुत रिट निवेदन सम्बन्धित रहेको नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु औचित्यपूर्ण देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७२ साल मङ्सिर १६ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७२-WH-००२५, बन्दीप्रत्यक्षीकरण, *कालुमायाँ तामाङ रिजाल वि. बिमला ज्ञवालीसमेत*

नाबालिकाको सबैभन्दा भरपर्दो संरक्षक केही अपवादबाहेक आमानै हो भन्ने कुरामा कुनै विवाद हुने अवस्था हुँदैन । पीडित नाबालिकाको आमा रिट निवेदिका भएको तथ्यमा विवाद देखिँदैन । पीडित नाबालिका आमासँग जान चाहेकी छ, छैन ? र उनी आमासँग बस्दा सुरक्षित हुन्छिन् कि बाल कल्याण समितिमा रहँदा सुरक्षित हुने हो ? भनी पीडित नाबालिकाको हितबाट सोच्नुपर्ने ।

विपक्षीबाट पेस भएको श्रव्यदृश्य हेरिँदा आमाको छोरीलाई यहाँ (CWISH संस्थामा) नबस फर्कौं भनी भरमजदुर प्रयास गरेकी र छोरीले आफ्नो हकको लागि आमाको साथ मागेको र अदालतमा गई आफूले भन्नु पर्ने कुरा नभनेसम्म त्यहीँ (CWISH संस्थामा) सुरक्षित भई बस्नु पर्ने कुरा गरी आमालाई सम्झाएको देखिन्छ । कुनै विवादमा नाबालकको हक र उसको अवस्थाको विषयमा निर्णय गर्नु पर्दा नाबालकको हकमा संवेदनशील भई सकेसम्म उसकै पक्षमा सोचिनु पर्ने ।

प्रस्तुत विवादमा निवेदिका नाबालिकाको आमा भए पनि आमाको माया छोरीतर्फ रहे पनि अरू परिस्थितिले गर्दा आमाको सोचाइमा पूर्वाग्रह छ छैन, कुनै कुराले आमालाई प्रभाव (Influence) गरी रहेको छ छैन भनी हेरिनु पनि पर्दछ । नाबालिका छोरीलाई मोरङ जिल्लाबाट पढाई दिने गरी काम गर्न काठमाडौं पठाइएको देखिन्छ । काममा राख्ने जसलाई बलात्कार गर्ने भनिएका छन् तिनीहरूसँग जानपहिचान राम्रो सम्बन्ध र विश्वास नभई निवेदिकाले आफ्नो नाबालक छोरी पठाउने अवस्था हुने थिएन । यसरी चिनजानका राम्रो सम्बन्ध हुनेहरूबाट निवेदिका प्रभावित हुन सक्दिनन् भन्न सकिन्न । यस्तो संवेदनशील विषयमा केही नहोला कि भनी खतरा लिनु वाञ्छनीय पनि नहुने ।

नाबालिकामाथि मालिकबाट जबरजस्ती करणी भएको भनी प्रहरीमा उजुरी परेको छ र अनुसन्धान कारवाहीयुक्त अवस्थामा रहेको छ । एक्कासी आमा मोरङ जिल्लाबाट काठमाडौं आई यो बन्दीप्रत्यक्षीकरणको आदेश माग गरी आएको र हेरिएको श्रव्यदृश्यबाट नाबालिका छोरीले आफ्नो भनाइ अदालतमा राख्न र आफूलाई सहयोग गर्न आमालाई सम्झाउने र आमाले छोरीलाई लिई जाने हरप्रयास गरेको वार्ताबाट देखिएको अवस्थामा प्रस्तुत रिट निवेदन जारी गरी सुरक्षित स्थान जिल्ला बाल कल्याण समितिमा बसेकी नाबालिकालाई त्यहाँबाट हटाउँदा झन् नाबालिकाको लागि खतरा हुने अवस्था रहेको देखिन आउने ।

यौन हिंसामा परेकी नाबालिका सुरक्षित रहेको र निजउपर यौन हिंसा गर्नेउपर अनुसन्धानात्मक कार्य भै रहेको अवस्थामा नाबालिका आमा नै भए पनि निजलाई तत्काल निवेदिकालाई जिम्मा लगाउँदा पनि पीडित नाबालिकाको हितमा नहुने र जबरजस्ती करणी मुद्दालाई कमजोर बनाउन सक्ने खतराको अवस्था आउन दिन नमिल्ने ।

नाबालिकाको आमा कालुमाया तामाङ रिजालले CWISH संस्थामा मिति २०७२।६।१९ मा दिएको निवेदनमा नाबालिका छोरी नीता रिजालमाथि यौनजन्य अपराध जबरजस्ती करणीको जाहेरी परी भरत कार्की र उमेश खत्री दुवैजना नेपाल प्रहरी सातदोबाटोमा थुनुवाको रूपमा रहेको भनी उल्लेख

भएकामा निज कालुमायाले यस अदालतमा दिएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा उक्त व्यहोरालाई उल्लेखसम्म गरेको पाइँदैन । निवेदिकालाई पूर्व जानकारी रहेको तथ्य लुकाई निवेदन लिई आएकामा उक्त तथ्य विपक्षीहरूबाट उजागर भई संवेदनशील तथ्यको जानकारी यस अदालतले पाएको अवस्था छ । यसबाट निवेदिका सफा हात लिई अदालतमा आएको देखिन नआउने ।

नाबालिका घरेलु कामदारकारूपमा रहेको अवस्थामा घरधनी भरत कार्की र निजका साला नाताका उमेश खत्रीबाट पटकपटक यौन हिंसामा परेको र निजउपर जबरजस्ती करणी मुद्दामा अनुसन्धान भै रहेको अवस्थामा पीडकहरूबाट पीडित नाबालिकालाई सुरक्षा र सामाजिक मनोपरामर्शमा राखिएको अवस्था देखिएको र तत्काल निवेदिका आमाको जिम्मामा नाबालिकालाई लगाउँदा जबरजस्ती करणी मुद्दाको अनुसन्धान कार्य प्रभावित हुने देखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : लोक नाथ पराजुली

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७२ साल कात्तिक १ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-WO-०११४, उत्प्रेषण, *पुजारी अहिर यादव वि. मालपोत कार्यालय, रूपन्देही, भैरहवासमेत*

जग्गाको दर्ता स्वामित्वको विवादमा सरजमीन र सिफारिस सिर्फ रीत पुर्‍याउने कुरामात्र भएका र यी प्रमाणबाटै स्वामित्वको टुङ्गो नलाग्ने हुँदा त्यसको मूल्याङ्कन भएन भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन । त्यसैगरी ७ नं. फाँटवारी भनेको जग्गा आफ्नो भएको भन्ने सम्बन्धित व्यक्तिको एकपक्षीय जिकिरमात्र हुँदा त्यसलाई पनि निर्णायक महत्त्व दिन नमिल्ने ।

मालपोत कार्यालयले हकबेहकमा नालेस गर्न जानु भनी नसुनाएबाटै निवेदकले नालेस गर्न पाउने कानूनी मार्ग अवरूद्ध भएको भन्न मिल्दैन । निवेदकले साधारण अधिकारक्षेत्रअन्तर्गत मालपोत ऐन, २०३४ को दफा ३१ बमोजिम पुनरावेदन गर्न वा जिल्ला अदालतमा दर्ता आदि मुद्दा दायर गर्न बाधा नहुने ।

जग्गा नाप जाँच ऐन, २०१९ अन्तर्गत हुने मौकाको जग्गाको नापजाँच जग्गाको स्वामित्व निर्धारण गर्ने महत्त्वपूर्ण प्रमाण हुन्छ । तत्कालीन अवस्थामा भएको मौकाको नापजाँचमा निवेदकले उल्लेख गरेको लगतहरू भिडाई नापजाँच गराउन र दर्ता गराउनसमेत सकेको पाइँदैन । २०२६।२७ सालमा बेनिस्सा जनिएर विवादित जग्गा नापजाँच भएकामा त्यसको १५ वर्षपछिमात्र वादीका पिताले कारवाही चलाएको र तत्सम्बन्धमा निवेदकले तदारूखता नदेखाई वास्ता नगरी चुप लागि बसेको र २०६४।३।३१ मा मालपोत कार्यालयबाट तामेलीमा राख्ने निर्णयउपर समेत ८ वर्षको अत्यधिक विलम्ब गरी रिट निवेदन दिएको देखिने ।

रिट निवेदन भनेको तजविजी अधिकारक्षेत्र पनि हो । यो उपचार माग गर्ने पक्ष ठिक ठाउँमा रहनु पर्छ । गल्ती गर्ने पक्षले रिट उपचारको माग गर्नु समन्यायविपरीत हुन्छ । रिट जारी हुने खालको ठोस प्रमाण निवेदकबाट गुज्रन नआएको, निवेदकका पिताले आफ्नो जीवनकालमा दाबीको जग्गामा हक कायम गराउन नसकेको, निवेदकले यही जग्गासम्बन्धी विवादमा साधारण अधिकारक्षेत्रसमेत गुहारी त्यताबाट पनि असफल भएको र २०६४।३।३१ मा

मालपोत कार्यालयबाट तामेलीमा राख्ने निर्णयउपर समेत ८ वर्षको अत्यधिक विलम्ब गरी रिट निवेदन दिएकोसमेतको कारणहरूबाट रिटबाट उपचार दिनु उपयुक्त नभएकाले विपक्षीहरूबाट लिखितजवाफ माग गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमिल्सेना

इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम्।

## अन्तरिम आदेश

**मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-WO-०४०१, उत्प्रेषण, *नेपाल सुपारी उत्पादन संघ, झापासमेत वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत*

निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी हुनुपर्ने नपर्ने सम्बन्धमा विचार गर्दा नेपालमा उत्पादन भै विदेशमा निकासी गर्ने सुपारीको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्थासम्बन्धी कार्यविधि, २०६८ को दफा ३(१)(२) अनुसार एकभन्दा बढी संस्था स्थापना भै क्रियाशील रहेको देखिँदा निवेदकको सम्बन्धमा आवश्यक व्यवस्था गरेको नदेखिँदा निवेदकको हकमा समेत उत्पत्तिको प्रमाणपत्रको सम्बन्धमा सो कार्याविधिअनुसार व्यवस्था गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अनुसार अर्को आदेश नभएसम्मको लागि अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल पुस १ गते रोज ४ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति

## अदालत गतिविधि

### मानव अधिकार र मानवीय संकट, चुनौती र समाधान कार्यक्रममा सम्माननीय प्रधानन्यायाधीशको सहभागीता

मिति २०७२ साल मङ्सिर २४ गते मानव अधिकारसम्बन्धी राष्ट्रिय गोष्ठी तथा नेपाल बार एसोसिएसनको ४३ औं कार्यकारिणी परिषद्बाट आयोजना भएको कार्यक्रममा सम्माननीय प्रधानन्यायाधीशज्यूबाट सो कार्यक्रमको प्रमुख आतिथ्यता ग्रहण गर्नुभएको थियो । उक्त दुई दिने कार्यक्रममा नेपाल बार एसोसिएसनका पदाधिकारीहरू तथा नेपाल बारअन्तर्गतका विभिन्न इकाइका सदस्यहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा सम्माननीय प्रधानन्यायाधीशज्यूबाट मानवीय संकट हामीसँग कुनै न कुनै विन्दुमा रहेकोले जनताले प्रजातन्त्रको अपेक्षित लाभ भोग्न नपाई निराश भएको स्थिति रहेको, मानवीय संकट र मानवअधिकारका कुरा गर्दा शासकीय प्रबन्धका व्यवधानहरू पनि कायमै रहेको र नेपालले हालै भोगेको भूकम्प पनि मानवीय संकटको कारण रहेकोसमेत उल्लेख गर्नुभयो । यसैगरी राज्यले प्राकृतिक प्रकोपको प्रभावको न्यूनिकरण गर्न सक्नुपर्दथ्यो भन्ने कुरामा जोड दिदैँ कानून व्यवसायीहरू देशका चेतनाको पुञ्ज र मानव अधिकारको रक्षकसमेत भएकाले देशलाई परिआएका अप्ठ्यारा सल्टाउनमा कानून व्यवसायीले अग्रसरता लिनु भएको, भगवान र कानूनले पनि कानून व्यवसायीलाई वाणी दिएको र सो वाणीमा शक्ति भएकाले मानव अधिकारको संरक्षण र प्रवर्धनको कार्यमा यसको उपयोग गर्नसमेत आग्रह गर्नुभयो । सम्माननीय प्रधानन्यायाधीशज्यूबाट न्यायपालिकाको विकासकालागि कानून व्यवसायीले गर्ने सहयोग लिन संस्था आतुर रहेको भन्दै गोष्ठीको सफलताको शुभकामनासमेत दिनुभएको थियो ।

